हमासले मुक्त गर्न सक्ने ३४ बन्धकको सूचीमा... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २२३ • २०८१ साल पुस २४ गते बुधबार (8 January, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

### सरकारमै बसेर सरकारको आलोचना
# सहयात्री दलले मागे मुख्यमन्त्रीको राजीनामा

टुडे समाचारदाता

जनकपुरधाम । केही महिना अघिसम्म सत्तारुढ जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले मुख्य सहयात्री दल नेकपा एमाले नेतृत्वको सरकारविरुद्ध जथाभावी बोलेको भन्दै गठबन्धन दलको बैठकबाट लगाम कसे पनि बोल्न छाडेका छैनन् ।



जनमत पार्टीका अध्यक्ष राउतले मधेश सरकारलाई कांग्रेस-एमालेले घेराबन्दी गर्न खोजेको भन्ने अभिव्यक्ति सामाजिक सञ्जाल फेसबुकमा पोस्ट्याएपछि अहिले मधेश प्रदेशसभाको बैठकमा समेत चर्चाको विषय बनेको छ ।

लामो समयको अन्तरालमा जनकपुरधामस्थित प्रदेशसभामा मंगलबार बसेको बैठकमा सत्ता गठबन्धन दल र प्रतिपक्षी दलका सांसदहरुले प्रतिनिधिसभा सदस्यसमेत रहेका जनमतका अध्यक्ष राउतले गरेको टिप्पणीप्रति गम्भीर रुपमा लिएको देखिएको छ । उनको टिप्पणीले गर्दा मधेश प्रदेशको सरकारलाईसमेत गम्भीर प्रभाव पर्न सक्ने सम्भावनासमेत रहेको सत्तागठबन्धनका मुख्य दलका नेताहरुको आसयले पुष्टि सँगै मुख्यमन्त्रीको राजीनामाको मांगलाई टेवा पुऱ्याएको छ ।

मधेश प्रदेश सरकारमा कांग्रेस संसदीय दलका नेतासमेत रहेका पूर्वमन्त्री कृष्णप्रसाद यादवले जनमत पार्टीका अध्यक्ष राउतले काठमाण्डुमा बसेर प्रदेश सरकारलाई नियन्त्रित गर्ने प्रयास गर्न खोजेको आरोप लगाएका छन् । नेता यादवले एक दलको केन्द्रीय अध्यक्ष भएर प्रदेश सरकारलाई नियन्त्रण गर्ने प्रयास गर्नु गलत नियत रहेको टिप्पणी गरे ।

नेता यादवले मधेशमा कांग्रेस-एमालेप्रति आरोप लगाउने अधिकार जनमत पार्टीलाई नभएको बताए । जनमतले लगाएको आठबुँदे गम्भीर आरोपको खण्डन गर्दै ती आरोपहरु पुष्टि गर्न चुनौतीसमेत उनले दिए ।

पूर्व मन्त्री यादवले राउतले गठबन्धन भित्रै रहेका दललाई भ्रष्ट पार्टी, दलाल पार्टीको अपरिपक्वता प्रस्तुत गरेको आरोप लगाए । उनले भने 'चले ना आबे तऽ आंगन टेढ' आफै गर्न नसक्ने अनि अरुमाथि औंला उठाउने ?, उनले अघि थप्दै भने 'तपाईले कुन आधारमा कुन प्रमाणको बलमा कांग्रेस एमाले भ्रष्ट पार्टी हो, सरकारलाई घेरावन्दी गरेको भन्नु भयो म राउतजीलाई प्रमाणित गर्न चुनौती दिन चाहन्छु ।'

त्यस्तै सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले जनमतका अध्यक्ष राउतले सामाजिक सञ्जालमा गरेको टिप्पणीप्रति आपत्ति जनाए । उनले प्रदेशसभाको चौथो अधिवेशनको पहिलो बैठकको क्रममा उपनेता महतोले राउतको अभिव्यक्ति हास्यास्पद रहेको बताए ।

उन भनेले मधेशमा जनमत पार्टीको मुख्यमन्त्री रहेको छ । सो पार्टीका अध्यक्ष राउतले सत्तारुढ कांग्रेस र एमालेले मुख्यमन्त्रीलाई काम गर्न नदिएको गुनासो सामाजिक सञ्जालमा गरेका थिए । सो विषयमा मुख्यमन्त्री सतिशकुमार सिंहलाई सांसद महतोले भने, 'तपाई आफ्नो अध्यक्षलाई भन्नुस्, प्रदेश हामीलाई चलाउनु दिनुस् ।'









# अवैध काठसहित ट्याक्टर नियन्त्रणमा



**टुडे समाचारदाता**

जनकपुरधाम। ट्याक्टर प्रयोग गरी अवैध रूपमा ओसारपसार भइरहेको काठसहित एक जनालाई वन कर्मचारीले पक्राउ गरेको छ। धनुषाको गणेशमान चारनाथ नगरपालिका-६, गोदारबाट ज. १ त. ८९२८ नम्बरको टयाक्टरसहित चालक जितेन्द्र सहनीलाई कमला सब डिभिजन वन कार्यालय गोदारका वन कर्मचारीले पक्राउ गरेको छ।

आधिकारिक कागजात नभएपछि काठसहित ट्र्याक्टर र त्यसका चालकलाई नियन्त्रणमा लिइएको कमला सब डिभिजन वन कार्यालयका अधिकृत भगलु मण्डलले बताए। उनले टयाक्टरमा ६ थान काठको गोलिया रहेको जानकारी दिँदै बरामद काठसहितको टयाक्टर सब डिभिजन वन कार्यालय पुष्पवलपुरमा राखिएको जानकारी दिए।

# शीतलहरबाट मधेशको जनजीवन प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । चिसो हावासँगै बिहानदेखि चलेको शीतलहरका कारण मधेश प्रदेशका गरिब तथा विपन्न वर्गका मानिस प्रभावित भएका छन् ।

बिहानदेखि पश्चिम तथा दक्षिणबाट चलेको चिसो हावाका कारण चिसो निकै बढेको छ । चिसोबाट जोगिनका लागि सर्वसाधारणले ठाउँ ठाउँमा आगो बालेर तापेको देखिन्छ ।



अत्यधिक चिसो भएपछि गरिब तथा विपन्न वर्गका व्यक्ति, ज्येष्ठ नागरिक, दम, हाडजोर्नीका समस्या भएका व्यक्ति, अशक्त तथा बिरामी बढी मारमा परेका छन् ।

यसै गरि रुघाखोकी तथा कोल्ड डायरियाका अस्पतालमा आउने बिरामीको संख्या पनि बढेको छ।घाम नलागेका कारण जनकपुरधाम विमानस्थलमा एउटा पनि उडान हुन सकेको छैन ।चिसोबाट मधेश प्रदेशका धनुषा, महोत्तरी, सर्लाही, सिरहा तथा सप्तरी जिल्लाको जनजीवन बढी प्रभावित भएको छ ।

# समाजवादी क्रान्तिका लागि केन्द्रीय समिति बैठक कोसेढुङ्गा सावित : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकलम दाहाल 'प्रचण्ड'ले आठौँ केन्द्रीय समितिको छैटौँ पूर्ण बैठक एकता र विजयको बैठक बताउनुभएको छ।

तीन दिनसम्म राजधानीमा चलेको केन्द्रीय समिति बैठकको अन्तिम सत्रलाई मंगलबार सम्बोधन गर्दै उहाँले यो ऐतिहासिक र दूरगामी महत्त्वको बैठक भएको बताउनुभयो। बैठकले पार्टीभित्र विचार, कार्ययोजना र भावनामा एकरूपता कायम गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले पार्टीलाई फेरि आफ्नो वर्ग र समुदायतिर फर्काएर यसले विजयको आधार तयार गरेको बताउनुभयो। बैठकका निर्णय कार्यान्वयनमा जाँदा समाजवादी क्रान्तिको लागि कोसेढुङ्गा बन्ने र यसले



निरन्तरतामा क्रमभङ्ग गरेको जिकिर गर्नुभयो।

छ महिना अभियान, अर्को छ महिनापछि महाधिवेशन

बैठकले अब पहिलो छ महिना अभियानमा जाने र त्यसपछि अर्को छ महिनाको तयारी गरेर नयाँ विचार संश्लेषणका लागि महाधिवेशनमा जाने निर्णय गरेको छ । छ महिना अभियानमा गएर असारमा केन्द्रीय समिति बैठक आयोजना गरी अहिलेको केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समितिमा बदलेर महाधिवेशनको तयारीमा जाने अध्यक्ष दाहालले घोषण गर्नुभयो । अभियानबाट व्यापक रूपमा जनताको सुझाव आउने भएकाले छ महिने अभियान पनि अन्ततः महाधिवेशनकै तयारी हुने उहाँले स्पष्ट गर्नुभयो।

माघ महिनाभरि अभियानको तयारी गरेर फागुन १ गते जनयुद्ध मनाएर हुलाकी र पूर्वपश्चिम राजमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्ने निर्णय बैठकले गरेको छ ।रासस

# जसपा नेपालसम्बद्ध भ्रातृसंगठनहरु राष्ट्रिय महाधिवेशनको तयारीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालसम्बद्ध भ्रातृसंगठनहरु राष्ट्रिय महाधिवेशनको तयारीमा जुटेका छन् । पार्टीका प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले पार्टीले आवश्यक तयारी पूरा गरी २०८२ बैशाख मसान्तभित्र सम्पूर्ण भ्रातृसंगठनलाई राष्ट्रिय अधिवेशन गर्न निर्देशन दिएबमोजिम भ्रातृसंगठन तथा पेसागत संगठनहरु आ-आफ्नो संगठनको अधिवेशनको तयारीमा जुटेको बताएका छन् ।

जनता समाजवादी पार्टी, नेपाल

पार्टीसम्बद्ध समाजवादी युवा संघ नेपाल, पिछडावर्ग महासंघ र समाजवादी विद्यार्थी युनियन नेपालले राष्ट्रिय महाधिवेशनको कार्यतालिका सार्वजनिक गरिसकेका छन् भने अन्य भ्रातृसंगठनहरुले पनि राष्ट्रिय अधिवेशनको तयारीलाई तीव्रता दिइरहेको बताइएको छ।

जसअनुसार समाजवादी युवा संघ नेपाल केन्द्रीय समितिको आगामी २०८२ बैशाख १९ र २० गते वीरगञ्जमा राष्ट्रिय महाधिवेशन हुने भएको छ।

त्यस्तै पिछडावर्ग महासंघको २०८२ बैशाख २५ गते गर्ने निर्णय गरेको छ । महाधिवेशनको थप तयारीको लागि संगठनले धनुषाको ढल्केबरमा आगामी माघ १० गते महासंघको केन्द्रीय समितिको बैठकसमेत आह्वान गरेको छ।

त्यसैगरी समाजवादी विद्यार्थी युनियन नेपालको राष्ट्रिय महाधिवेशन लुम्बिनी प्रदेशको भैरहवामा २०८१ चैत्र ७ र ८ गते हुने भएको छ।

# राम मन्दिर पार्क सौन्दर्यकरणका लागि कार्यादेश



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिकाले राम मन्दिर पार्क सौन्दर्यकरण अभियानको योजना अघि सारेको छ।

राम मन्दिरलाई पर्यटकीय रुपमा विकासका लागि पार्क सौन्दर्यकरण गर्न स्थानीय महावीर युवा कमिटिलाई ५० लाख रुपैयाँको कार्यादेश दिइएको छ।

मन्दिरको मौलिकता हराउँदै गएको समयमा मन्दिर परिसरमा स्वच्छ, सुन्दर, रमणीय स्थलहरुको निर्माण, सरसफाइ, बगैंचा निर्माण गर्ने अभिप्रायले पार्क सौन्दर्यकरण गर्ने योजना शुरुवात गर्न लागिएको महावीर युवा कमिटिका अध्यक्ष अजय कुमार गुप्ताले जानकारी दिए।

विश्वकै हिन्दुहरुको आस्थाको केन्द्र जनकपुरधामलाई ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाका रुपमा विश्वभर चिनाउन राम मन्दिरको पार्क सौन्दर्यकरण परियोजना सुरु गरेको नगरप्रमुख मनोज कुमार साहले बताए।

जनकपुरधामको पुरानो मन्दिरहरुमध्ये एक राम मन्दिरको पार्क सौन्दर्यकरणकालागि जनकपुरधाम उपमहानगपालिका मार्फत ५० लाखको कार्य आदेशको अनुमति लिइएको र अब काम शुरुवात गरिने कमिटिका अध्यक्ष गुप्ताले बताए।

# वनमा फलफूल पाउन थालेपछि बाँदरको उपद्रव घट्दै

महोत्तरी। बर्दिवास-१ र ३ को बीचमा पर्ने चिहानडाँडा वरपरका वनजङ्गलमा बोटबिरुवा र फलफूलमा पाउन थालेपछि गाउँमा बादरको उपद्रव घटेको छ।

चिहानडाँडा सामुदायिक वन उपभोक्ता समितिले चार वर्षअघि वनक्षेत्रमा विभिन्न प्रजातिका बिरुवा रोपेको थियो । यहाँका जामुना, फडिर, अमला, अम्बा र महुवालगायतमा फल फल्न थालेपछि बस्तीमा बाँदर पस्नेक्रम पातलिएको हो।

"अझै पनि घरका छतछतमा एक-दुई वटा बाँदर आइरहन्छन्, पहिले दैनिक २०-२५ को सत्र्यामा बाँदरको हुल आउथ्यो", स्थानीय उमा पोखरेलले भन्नुभयो, "पहिले बाँदरको समूहले अन्नबाली, बोटबिरुवा, घरका सामान सबै खोसलेर केही बाँकी राख्दैनथे।"

करिब तीन वर्ष पहिले समूहमा आउने बाँदरले घर पसेर खाद्यान्नसमेत नष्ट गरेको सम्झँदै उहाँले आजभोलि बस्ती पस्ने बाँदर पातलिन थालेका बताउनुभयो। सामुदायिक वनमा रोपिएका बिरुवाले फल दिन थालेपछि बाँदर जङ्गलमा रमाउन थालेका पोखरेलको भनाइ छ।

बाँदर गाउँमा पसेर अन्नबाली नष्ट गर्ने, मानिसमाथि आक्रमण गर्नेलगायत क्रियाकलापबाट दुःख दिने गरेको गुनासो बढेपछि २०७८ सालमा तत्कालीन वन उपभोक्ता समितिले आफ्नो वनक्षेत्रमा



फलफूल रोपन अभियान सञ्चालन गरेको थियो।

अहिले चिहानडाँडा वनक्षेत्रमा रोपिएका अमला, अम्बा, जामुन, फडिर र महुवालगायत फल फल्न थालेपछि बाँदर वनमा रमाएर बस्ती पस्नेक्रम पातलिएको घनश्याम न्यौपानेले बताउनुभयो । उहाँ वन उपभोक्ता समितिको अध्यक्ष रहनुभएका बेला फलफूल रोपन गरिएको थियो । तत्कालीन समयमा दुई वर्षमा दुई हजार बढी बिरुवा रोपिएको उहाँले जानकारी दिनुभयो।

वनमा फल फल्न थालेपछि बाँदरमात्र नभएर जङ्गली चराचुरुङ्गीले पनि भोजन पाएका छन्। वनभित्र पस्न र चरण निषेध गरिएकाले मानिसको चहलपहल पातलिएपछि वनमा विभिन्न प्रजातिका चराचुरुङ्गी बढेका चिहानडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भीम श्रेष्ठले बताउनुभयो। "वन हराभरा भएपछि अहिले मयूरसहित रङ्गीविरङ्गी चराको चिरबिर गुञ्जिरहन्छ। खरायो, न्याउरीमुसा, दुम्सी र मलसाँप्रालगायत जीव पनि वनक्षेत्रमा बढेका छन्", उहाँले भन्नुभयो।

पूर्वपश्चिम राजमार्गबाट पाँच सय मिटर उत्तरमा यो वन पर्दछ। करिब ४४ हेक्टर क्षेत्रफलमा बाँदर आतङ्क कम गर्ने र गल्छीपहिरो रोकथाम गर्ने उद्देश्यले रोपिएका फलफूलका साथै करिब एक हजार झाङ बाँस सप्रिएका अध्यक्ष श्रेष्ठले उल्लेख गर्नुभयो । बाँस छिप्पिँदै गएपछि उपभोक्तालाई बर्सेनि बाँड्ने योजना बनाइएको उपभोक्ता समितिले जनाएको छ।

कतिपय स्थानमा वन अतिक्रमण भइरहेका भए पनि यहाँको वनक्षेत्र भने सुरक्षित रहेको अध्यक्ष श्रेष्ठको भनाइ छ।

"यो वन छ र घर मास्तिर, मुन्तिर हराभरा देख्न पाइएको छ, वन संरक्षण भएपछि खोल्सीहरूमा पानी रसाएको छ", उहाँले भन्नुभयो, "रङ्गीविरङ्गी चरा देख्न र चिरबिर सुन्न पाइन्छ, बाँदर बस्तीमा पस्ने क्रम पनि कम भइरहेको छ।"

वन उपभोक्ता समितिले वन सुरक्षाका लागि एक जना वनहेरालु नियुक्त गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। "वनमा आवतजावत निषेध गरेका छौँ", उहाँले भन्नुभयो । वन बढाउन, सुरक्षाको थप व्यवस्था मिलाउन तथा फलफूल र बाँसका बिरुवा रोप्ने कार्यमा पूर्वअध्यक्ष न्यौपानेको उल्लेख्य योगदान रहेको उहाँले बताउनुभयो।

समितिले बर्सेनि बाँस काटेर उपभोक्तालाई वितरण गर्दै आएको छ । बाँसको झाङ बढेपछि नयाँ तामा नफस्टाउने र अन्य वनस्पति पनि नबढ्ने भएकाले केही बाँस छ्यासेर उपभोक्तालाई दिने गरिएको समितिले जनाएको छ।रासस

# पार्टीभित्र कुनै समूह छैनन्, सबै एमाले हुन्ः अध्यक्ष ओली

काठमाण्डु। प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र अब कुनै पनि समूह नरहेको र सबै साथी वर्तमान एमालेको भरभराउँदो पङ्क्ति भएको बताउनुभएको छ।

एमाले केन्द्रीय कमिटीको आठौँ बैठकमा राजनीतिक प्रतिवेदनमाथिको छलफलपछि समापन मन्तव्य व्यक्त गर्दै अध्यक्ष ओलीले पार्टीभित्र अब कोही पनि पूर्वमाले, पूर्वमाओवादी वा १० बुँदेजस्ता समूहहरु नरहेकाले त्यस्ता पूर्वसमूहहरु खोज्नतिर नलाग्न आग्रह गर्नुभयो। "एमालेमा अब कुनै पनि पूर्वसमूह छैनन्। हामी पूर्वसमूह खोज्नतिर होइन वर्तमानको एमाले खोजौँ। भरभराउँदो आजको एमाले खोजौँ।", अध्यक्ष ओलीले भन्नुभयो, "हामी यथास्थितिवादी होइनौँ। क्रान्तिकारी हौँ। हाम्रो लक्ष्य समाजवाद हो, समृद्ध नेपाल, सुखी नेपाली हो। हामीमाथि भएका आन्तरिक र बाह्य घेराबन्दीविरुद्ध एक भएर लड्दै हामीले मुलुक र देशको हितमा प्रभावकारी काम गर्न सक्नुपर्छ।"

स्वस्थ एवं रचनात्मक आलोचना पार्टीभित्र ग्राह्य हुने तर लोकतन्त्रका नाममा पार्टीलाई ध्वस्त बनाउने ढङ्गको गुटबन्दी र अराजकता कदापि स्वीकार्य नहुने अध्यक्ष ओलीले बताउनुभयो। उहाँले मुलुकलाई स्थायित्व र समृद्धिको लक्ष्यसहित एमाले र कांग्रेसको सहकार्यमा बनेको वर्तमान सरकारले देश र जनताका पक्षमा हरसम्भव काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। आफूहरु चुनावदेखि चुनावसम्मको 'केवल' सत्ता-यात्रामा नरहेकाले समाजवादको लक्ष्य र गन्तव्यलाई ध्यानमा राखेर काम गरिरहेको प्रधानमन्त्री ओलीले स्पष्ट गर्नुभयो।

अध्यक्ष ओलीले पार्टीका नेता-कार्यकर्ताहरुलाई सामाजिक सञ्जालको उपयोग बढाउन र भएका असल कामको प्रचार गर्न आव्हान गर्नुभयो। रासस


ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अत्यधिक चिसो बढेपछि जनकपुरधामको पेठीया बजार मा चहलपहलमा कमी भएको छ। *तस्विर : संजय कुमार यादव*

# मधेशका केही स्थानमा कुहिरो, हिमाली क्षेत्रमा हल्का हिमपातको सम्भावना

काठमाण्डु । हाल देशमा पश्चिमी न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको छ । यसले गर्दा देशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । आज विहान पश्चिम तराईका केही स्थानमा कुहिरो लागेको छ।

विभागका अनुसार कोशी, मधेस, बागमती र गण्डकी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहनेछ।

गण्डकी, बागमती र कोशी प्रदेशका पहाडी भागका केही स्थान तथा मधेस, लुम्बिनी तथा कर्णाली प्रदेशका एक-दुई स्थानमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थान तथा सुदूरपश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ।

मंगलबार राती कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सफा रहनेछ। कोशी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ।

आगामी २४ घण्टामा गण्डकी, बागमती र कोशीका पहाडी भू-भागका केही स्थान तथा मधेस, लुम्बिनी तथा कर्णाली प्रदेशका एक-दुई स्थानमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थान तथा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले दैनिक जनजीवन, स्वास्थ्य, यातायात तथा हवाई उडानमा असर पर्न सक्ने हुनाले आवश्यक सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।रासस

# अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार हुँदै



बागमती । बाराको अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अगाडि बढाइने भएको छ । मोतीहारी-अमलेखगञ्ज पाइप लाइनको काम सकिएपछि चितवनको लोथरसम्म पाइप लाइन विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाउन लागिएको हो।

अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट फिल्ड अध्ययनको काम सकिएर डिपिआर निर्माण भइरहेको नेपाल आयल निगमका प्रवक्ता इञ्जिनियर मनोज ठाकुरले जानकारी दिनुभयो । "नेपाल र भारत दुवै देशका उच्चस्तरीय प्राविधिक टोलीबाट अध्ययनको काम भइसकेको छ", प्रवक्ता ठाकुरले भन्नुभयो, "टोलीले अध्ययन गरेर अहिले डिपिआर तयार गरिरहेको छ।" पाइप लाइन विस्तार गरी लोथरमा एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नेगरी काम अघि बढ्ने उहाँको भनाइ छ । अमलेखगञ्जबाट लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तार भई सञ्चालमा आएपछि पश्चिमी र उत्तरी नेपालमा पेट्रोलियम पदार्थको अभाव नहुने उहाँको विश्वास छ।

यसैगरी मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको काम सकिएसँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात गर्न परीक्षण सुरु गरेको छ । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएको र तत्काल परीक्षणका लागि पाइप लाइनबाटै पेट्रोल र मट्टितेल ल्याइएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिनुभयो।

"पाइप लाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइप लाइनबाटै पेट्रोल पाँच हजार पाँच सय केएल र एक हजार केएल मट्टितेल ल्याएका छौँ", उहाँले भन्नुभयो, "पाइप लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण भइरहेको छ।" त्यो सँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्न आवश्यक तयारी भइरहेको उहाँको भनाइ छ।

दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी नियमित आयात सुरु गर्ने विषयमा छलफल भइरहेको जनाउनुहुँदै उहाँले जनवरी २०२५ देखि पाइप लाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुने बताउनुभयो।रासस

# चीनको दिङ्गे काउन्टी केन्द्रबिन्दु भएर सात रेक्टर स्केलको भूकम्प



काठमाण्डु । चीनको तिब्बत प्रान्तको दिङ्गे काउन्टीमा केन्द्रबिन्दु भएर सात रेक्टर स्केलको भूकम्प गएको छ। बिहान ६:५० बजे नेपाल-चीन सीमामा पर्ने उक्त स्थानमा भूकम्प गएको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ

भूकम्पको काठमाडौँ उपत्यकासहित आसपास, तराई एवं पूर्वी नेपालका झापा, मोरङ, सुनसरी, उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम, सोलुखुम्बु, सर्ुवासभा, ताप्लेजुङ लगायत जिल्लामा महसुस गरिएको थियो । भूकम्पको धक्का महसुस भएपछि सर्वसाधारण घरबाहिर खुला स्थानमा निस्किएका थिए। केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीले नेपालको पूर्वी सीमाबाट उत्तरतर्फ करिब एक सय किलोमिटर टाढा दिङ्गेमा शक्तिशाली भूकम्प गएको बताउनुभयो।

केन्द्रले छदेखि आठ रेक्टरस्केलको भूकम्पलाई शक्तिशाली भूकम्प भन्ने गरेको छ। नेपालमा विसं २०७२ वैशाख १२ गते सात दशमलव छ रेक्टर स्केलको गोरखा केन्द्रबिन्दु भएर भूकम्प गएको थियो । केही समयदेखि पश्चिम नेपालमा निरन्तर स-साना भूकम्प गइरहेको छ।

**'भूकम्पबाट सामान्य क्षति'**

चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गयी काउन्टी केन्द्र भएर मंगलबार बिहान गएको भूकम्पको धक्का काठमाडौँसहित नेपालको पूर्वी भेगमा समेत महसुस गरिएको छ। हालसम्म प्राप्त विवरणअनुसार भूकम्पबाट सामान्य बाहेक ठूलो क्षति नभएको पाइएको छ।

नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले भूकम्पका कारण ठूलो क्षति नभएको जानकारी दिनुभयो । "सेनाको संयन्त्रबाट प्राप्त सूचनाअनुसार मुलुकभर ठूलो धनजनको क्षति नभएको सूचना प्राप्त भएको छ," उहाँले भन्नुभयो।

यस्तै सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले भूकम्पका कारण सामान्य क्षति भएको बताउनुभयो । "केही ठाउँमा माटोले बनेका केही घरको गारो चर्किएको पाइएको छ," उहाँले भन्नुभयो, "यद्यपी क्षतिको विस्तृत विवरण आउन भने बाँकी छ।"

नेपाल प्रहरीका प्रवक्ता विश्व अधिकारीले भूकम्पबाट हालसम्म मानवीय क्षति भएको कुनै पनि सूचना प्राप्त नभएको जानकारी दिनुभयो । चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गयी काउन्टी केन्द्र भएर मंगलबार बिहान ६ बजेर ५० मिनेट जाँदा ६ दशमलव ८ म्याग्निच्युडको भूकम्प गएको थियो।

**'ताप्लेजुङ, संखुवासभा र पाचथरमा भूकम्पबाट क्षति भएको छैन'**

चीनको तिब्बत प्रान्तको दिङ्गे काउन्टीमा केन्द्रबिन्दु भएर सात रेक्टर स्केलको भूकम्प जाँदा यसको धक्का विशेष गरेर कोशी प्रदेशका पहाडी तथा हिमाली जिल्लामा महसुस गरिएको छ । शक्तिशाली भूकम्पले केही क्षण हल्लाए पनि ती जिल्लाको स्थिति सामान्य रहेको तथा हालसम्म क्षतिको विवरण प्राप्त नभएको सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले बताउनुभएको छ।

ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालले भूकम्पको धक्का महसुस गरिएको र यसबाट जिल्लामा के-कति क्षति भयो भन्ने एकीन गर्न स्थानीय तह, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरी विवरण सङ्कलन गर्ने काम सुरु भइसकेको जानकारी दिनुभयो।

सर्ुवासभाका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले भूकम्पबाट अहिलेसम्म भौतिक तथा मानवीय क्षतिको सूचना नआएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "स्थानीय तह, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई परिचालन गरी आवश्यक जानकारी लिने काम भइरहेको छ। " सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी अनोजकुमार घिमिरेले भूकम्पको ठूलै धक्का महसुस भएको बताउनुभयो । सगरमाथा बेसक्याम्पतर्फ अलि बढी जोखिम रहेकाले सुरक्षाका सबै निकाय परिचालन गरी विवरण लिने काम भइरहेको उहाँले जानकारी दिनुभयो।

पाँचथरका प्रमुख जिल्ला अधिकारी विष्णु कोइरालाले भूकम्पबाट मानवीय र भौतिक क्षति के कति भयो यसका लागि सुरक्षा निकायलाई परिचालन गरिसकेको जानकारी दिनुभयो । भोजपुर जिल्ला प्रशासन कार्यालयका अधिकृत कृष्ण बस्नेतले भूकम्पको धक्का महसुस भएको बताउनुभयो । उहाँले यसबाट जिल्लामा के-कस्तो क्षति भएको छ विवरणका लागि स्थानीय तह, प्रहरी र सशस्त्र प्रहरीलाई परिचालन गरिसकेको जानकारी दिनुभयो ।रासस

## 'पटकपटक कम्पन हुँदैमा ठूलो भूकम्पको जोखिम छ भन्न मिल्दैन'

काठमाण्डु । पटकपटक कम्पन हुँदैमा ठूलो भूकम्पको जोखिम छ भन्न नमिल्ने भूकम्पविद्हरुले बताएका छन् । भूकम्पको भविष्यवाणी गर्न नमिल्ने उनीहरुको भनाइ छ।

खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले पटकपटक भूकम्प जाँदैमा तत्काल अर्को ठूलो भूकम्पको जोखिम रहन्छ भन्ने नभएको बताउनुभयो। भूकम्पको भविष्यवाणी गर्न सम्भव नभएको उहाँले उल्लेख गर्नुभयो । मंगलबार बिहान चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गयी काउन्टी केन्द्र भएर गएको ६ दशमलव ८ म्याग्निच्युडको भूकम्पको धक्का काठमाडौँसहित मुलुकको पूर्वी भेगमा महसुस भएको अधिकारीले बताउनुभयो। "पटकपटक भूकम्प गइरहेको स्थानमा भूकम्पको शक्ति जम्मा भइरहेको हुन्छ। उक्त ठाउँमा स-साना भूकम्प गइरहेका हुन्छन् भने भविष्यमा ठूलो भूकम्प जान सक्ने सम्भावना हुन्छ," उहाँले भन्नुभयो, "तर अहिलेसम्म भूकम्प जाने भविष्यवाणी भने गर्न सकिएको छैन।"रासस

# 'संवैधानिक व्यवस्थाअनुसार प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाइनुपर्छ'




पाटन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले संवैधानिक व्यवस्थाअनुसार प्रदेश र स्थानीय सरकारलाई अधिकारसम्पन्न बनाइनुपर्ने बताउनुभएको छ।

बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र फेडरालिज्म एण्ड लोकलाइजेसन सेन्टरको संयुक्त आयोजनामा मंगलबार यहाँ भएको 'सङ्घीयता सबलीकरणको कसीमा प्रदेशका सवालहरू' विषयक कार्यक्रममा उहाँले सङ्घबाट प्रदेश र स्थानीय तहलाई कानुन र कार्ययोजना बनाएर कानुनअनुसार काम गर्ने गरी सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

"जनआक्रोशबाट मुक्ति पाउन सजिलोका लागि प्रदेशलाई अपजस बोकाउने काम भइरहेको छ, यो गलत छ। सङ्घीयता सबलीकरणका लागि सङ्घीय संसद्बाट सहजतापूर्वक कानुन बन्नुपर्छ", महामन्त्री थापाले भन्नुभयो, "यसका लागि संसद्मा भएका विधेयकलाई चैत महिनाभित्र पारित गर्ने र बाँकी कानुनहरू संसद्मा पेस गर्नका लागि दलहरूको समूह बनेको छ।"

उहाँले सबै तहका सरकारले तीन वर्षभित्र प्रभावकारी सेवा प्रदान गरेर मतदातालाई उत्साहित गर्नेगरी काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । मुख्यमन्त्री बहादुरसिंह लामाले सङ्घीयता सबलीकरणका लागि सङ्घले प्रदेश र स्थानीय तहलाई रचनात्मक सहयोग र समन्वय गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सङ्घीयता कार्यान्वयनका सन्दर्भमा सातै प्रदेशमा भएका अन्तर्क्रिया, त्यसमा उठेका सवाल तथा सुझावले आगामी दिनमा थप कार्य गर्न मार्गनिर्देश गर्ने बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव छविलाल विश्वकर्माले संविधानको मर्मअनुसार सङ्घीयता कार्यान्वयनमा देखिएका कमजोरी सुधार गरेर अगाडि जानुपर्ने बताउनुभयो। उहाँले एउटै प्रकृतिका योजना कार्यान्वयन गर्ने तीन तहका मन्त्रालय फरक हुँदा समस्या भएको र यसलाई सुधारका लागि पहल गर्नुपर्ने सुझाव दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का उपाध्यक्ष भानुभक्त जोशीले सरकारको स्थायित्व नहुँदा योजना, नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा समस्या हुने गरेको सुनाउनुभयो । बजेट बनाउने बेला एउटा र कार्यान्वयन गर्ने बेलामा अर्कै सरकार बन्ने प्रवृत्तिले सिर्जना हुने अन्यौलता हटाउन सबै दलहरू गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो।

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री एवं नेपाल कम्युनिष्ट पाटी (माओवादी केन्द्र) नेता महेन्द्रबहादुर शाहीले संविधानको मर्मअनुरुप तीन तहका सरकारको कार्यसम्पादनमा देखिएका जटिलता समाधानमा नेताहरुको चासो नरहेको गुनासो गर्नुभयो।

संविधानप्रदत्त अधिकारअनुसार काम गर्ने वातावरण सिर्जना गर्न सङ्घीय सरकारले सहजीकरण र व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ थियो। कार्यक्रमा जनमत पार्टीका राष्ट्रिय परिषद् सदस्य जयकान्त राउत, संविधानसभा सदस्य प्रह्लाद लामिछाने, फेडरालिज्म एण्ड लोकलाइजेसन सेन्टरका अध्यक्ष खिमलाल देवकोटा, डा दीपेन्द्र रोकायाले संविधान कार्यान्वयन, सङ्घीयतालगायत विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# नेपाल एसबिआई बैंक लि.द्वारा सामाजिक उत्तरदायित्व कार्यक्रम

**टुडे समाचारदाता**

नेपाल एसबिआई बैंक लि. ले पोखरास्थित तालबाराही मन्दिर गुठी व्यवस्थापन समितिलाई सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत तालबाराही मन्दिर पुनर्निर्माणका लागि रु १०.०० लाख आर्थिक सहयोग गरेको छ । उक्त सहयोग रकम मन्दिर पुनर्निर्माणका क्रममा मुख्य मन्दिरमा प्रयोग हुने सल्यानी ढुङ्गाकालागि खर्च गरिनेछ । कार्यक्रममा बैंकका अध्यक्ष, जयती बन्सलले श्री तालबाराही मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष, प्रशुराम शर्मा पहारीलाई औपचारिक रुपमा सहयोग रकम हस्तान्तरण गर्नुभएको थियो।




उक्त कार्यक्रममा बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, दीपककुमार दे, संचालक, पिनाकीनाथ बनर्जी, स्टेट बैंक अफ इन्डियाका महाप्रबन्धक, रितेश सिन्हा, नायब प्रमूख कार्यकारी अधिकृत तथा प्रमूख वित्तिय अधिकृत, राजेश कुमार पंडार बैंक तथा समितिका अन्य वरिष्ठ पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो। बैंकले समुदाय स्तरमा संस्कृति तथा सम्पदा संरक्षणको लागि समय समयमा यस्ता गतिविधिहरु गर्दै आइरहेको छ।

हाल बैंकले १०० शाखा, २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२२ एटीएम र १ कर्पोरेट कार्यालय मार्फत सेवा प्रदानगर्दै आएको छ।

# बार अध्यक्षको मुद्दामा श्रव्यदृश्यसहित अभिलेख झिकाउने आदेश

काठमाण्डु। सर्वोच्च अदालतले नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरूद्धको अदालतको अवहेलना मुद्दामा श्रव्यदृश्यसहितको अभिलेख झिकाउने आदेश गरेको छ।

न्यायाधीशद्वय डा नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको इजलासले मंगलबार श्रव्य दृश्यको छायाङ्कनसहितको अभिलेख झिकाउन आदेश गरेको हो । आदेशमा भनिएको छ, "उक्त कार्यक्रमको श्रव्यदृश्यको छायाङ्कन/अभिलेख आयोजना बार एकाइबाट झिकाउनु।" अदालतको अवहेलनामा यसअघि लिखित जवाफ माग गर्ने आदेश गरेको थियो । अदालतको अवहेलनामा हुने गरी अभिव्यक्ति दिएको उल्लेख गर्दै सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्दप्रसाद घिमिरेले प्रतिवेदन तयार गरी दर्ता गर्नुभएको थियो।

सोही प्रतिवेदनको पहिलो सुनुवाइ गर्दै न्यायाधीश कुमार रेग्मी र कुमार चुडालको इजलासले अध्यक्ष घिमिरेले सात दिनभित्र आफैं वा आफ्नो वारेसमार्फत लिखित जवाफ बुझाउन आदेश गरेको थियो। अध्यक्ष घिमिरेले बारका तर्फबाट लिखित जवाफ पेस गरिसक्नुभएको छ।

नेपाल बारका अध्यक्ष घिमिरेले न्यायाधीश नियुक्तिका विषयलाई लिएर प्रधानन्यायाधीश तथा अदालतको जनआस्थामा असर पुग्ने गरी सार्वजनिक अभिव्यक्ति दिएको उल्लेख गर्दै अदालतको अवहेलना गरेको उल्लेख गरिएको थियो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥


## सम्पादकीय

# प्रदेशलाई भ्रष्टशाला बन्न नदेउ

जीवन अनौठो छ , यसका परिधि पनि अनौठो छन् । उच्च , मध्यम , निम्न र जसोतसो जीवनयापनको क्रम व्यतीत भइरहेको छ। अनौठोकै होडमा इमान , बैइमान , शान्ति , अशान्ति , हत्या , लुट , बलात्कार , दुर्व्यवहार , व्यभिचार , भ्रष्टाचार , नियमितता , अनियमितता दिनचर्या बनेको छ। बैभवशाली , सुसम्पन्न बन्ने होडमा अनैतिक क्रियाकलापको वर्चश्व कायम हुनु परम्पराभैंं देखिन थालेको छ । आमजनतालाई गास बास र कपासको चिन्ता छ भने राजनीतिकर्मी र कर्मचारीलाई अनियमितता गरी धन आर्जनको मोह छ। सुशासन कायम राख्ने संयन्त्रका पात्रहरु नै यसमा लीन भएका घटनाहरु दिनहुँ घटित भइरहेको छ । आमजनताको सेवा , विकास , संरक्षण , सुरक्षारत संयन्त्रका पात्रहरु जनतालाई शोषण र दोहनको मनसाय राख्ने गर्छन । खासगरी सरकारी कर्मचारीहरुमा सेवाप्रतिको कर्तव्यनिष्ठतालाई तिलाञ्जली दिइ कुनै पनि कार्यमा अनावश्यक जटिलता उत्पन्न गरी कार्यमा गतिरोध गर्नु पद्धति नै बन्न पुगेको छ । विगतमा जिल्ला प्रशासन , मालपोत , अदालत , यातायात , भन्सार , विद्युत ,आन्तरिक राजश्व , सिंचाई , नगरपालिका , गाउँपालिकाका पदाधिकारी भ्रष्टशालाको उपाधि प्राप्त थियो भने वर्तमानमा प्रदेश सरकारका पदाधिकारीमा पनि त्यसको संक्रमण अधिक नै देखा परेको छ। अख्तियारको टोलीले छापा मारी पदाधिकारीलाई पक्राउ , आरोप सिद्ध गर्नमा अदालतमा मुद्दा दायर गर्ने क्रममा वृद्धि नै भइरहेको छ। भन्सारका कार्यालय सहयोगीका चारवटा बस सञ्चालन भइरहेको छ , विद्युतका लेखापालका हरेक शहरमा घरजग्गा , छोराछोरी डाक्टर , सिंचाइका इन्जिनियरको कुबेरपन जस्ता अवस्था , यातायातका कर्मचारीको शान , अदालतमा न्याय क्रय विक्रय हुनु जस्ता पक्षले जीवनयापनको विचित्र भावलाई प्रष्ट गर्दछ। यस क्रममा मधेश प्रदेश सरकारका पदाधिकारीहरुको लीलाले शहीदको सपना र जनताको आशाप्रति तुषारापातको नव अध्याय थपिदै गएको छ । कर्मचारीहरु बलात्कारी , यौन काण्डका आरोपी , योजनाहरुमा कमीसनमा लिप्त छन् भने मुख्यमन्त्रीदेखि मन्त्री अख्तियारको फन्दामा परेका छन् । लालबाबु राउत साइकल , सौन्दर्यकरण , मधेश स्वास्थ्य विज्ञाान प्रतिष्ठान र मधेश विश्वविद्यालयका पदाधिकारीको नियुक्त प्रकरणमा मुछिएका थिए भने उनकै मन्त्रिमण्डलका मन्त्री विजय यादवलगायत सचिवसम्म भ्रष्टाचारी प्रमाणित भए , सो वर्तमानमा पनि रोकिएको छैन । प्रदेशको कृषि मन्त्रालयका तत्कालीन पुर्वसचिव डा. नम्रतासिंह लगायत आठ जनाविरुद्ध भ्रष्टाचारको दायर भएको छ । उनीहरुमाथि एक करोड रकम हिनामिना गरेको आरोप छ । उनीहरुले कृषि अनुदानमा घोटाला गरेको अख्तियारको अनुसन्धानबाट निष्कर्ष निकालेको छ। मुख्यमन्त्री सतीशकुमार सिंहको कार्यसम्पादन पनि त्यसकै सेरोफेरोमा छ । सुशासनको भाषण गर्ने तर भ्रष्टाचारको जालोलाई च्यात्न नसक्ने प्रवृत्तिले नैराश्यलाई बढाइ रहेकाले सजग हुनु जरुरी छ।

## कलैयाको प्रादेशिक अस्पताल आफै चरम सिकिस्त भई थल्ला परेको

# संघीय, प्रादेशिक र स्थानीय सरकारको चक्षु नजरबाट वञ्चित रहेको



चन्द्रकिशोर प्रसाद साह

करिब ८ लाख भन्दा बढी जनसंख्या भएको बारा जिल्लाको सदरमुकाम कलैयामा अवस्थित रहेको प्रादेशिक अस्पतालमा लामो समयदेखि चरम लापरवाही भइरहेको र पटक पटक मेडियाहरुमा आइरहेको भएपनि ३ वटै सरकारको सकारात्मक पहलकदमी नभएकाले उक्त प्रादेशिक अस्पताल चाँहि आफै अत्तिसिकिस्त अवस्थाबाट गुज्रिदै गई थल्ला परेको बताइन्छ । बाराको एक मात्र सरकारी अस्पताल "कलैया अस्पताल" लाई "प्रादेशिक अस्पताल" बनाइए पनि सो अनुरुप क्रियाकलाप, सेवासुविधा पुर्याउन नसकिएको देखिन्छ। जिल्लाको गाउँबस्तीबाट मानिसहरु यस अस्पतालमा आउँछन् र यहाँबाट कमिशन पाउने लोभमा कमसल अस्पतालमा बाहिर रिफर गर्ने थलो रुपमा परिचित हुन थालेको बताइन्छ । नाम मात्र प्रादेशिक अस्पताल भए पनि नत यहाँ अत्तिविशिष्ट चिकित्सक फेला पर्छन् वा नत औषधि, प्रयोगशाला जाँच गरिन्छ । यस्तै नत इन्डोर जाँच प्रक्रिया चुस्तदुरुस्त हुन्छ वा नत परिवार मातृशिशु परिक्षण समय समयमा गरिन्छ । त्यस्तै नत विरामीहरुलाई भोजन उपलब्ध गराइन्छ वा नत ओपीडी सेवाहेतु पर्याप्त समय दिइन्छ । ओपीडीमा नेम बोर्ड झुण्डिएको हुन्छ तर सो चिकित्सक फेला नपर्ने नियती नै यहाँ बनेको बताइन्छ।

मिति २०८१ पौष २२ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय बाराका प्रजिअद्वारा सो प्रादेशिक अस्पतालमा छड्के गर्दा आफ्नो पोशाकमा नरहेको सन्दर्भमा डाक्टरलाई जपार्दा त्यसको विरुद्ध डाक्टरहरुले सेवा ठप्प गरेका थिए र पौष ११ पछि ओपीडी संचालन गरिएको भए पनि सवै चिकित्सक, प्राविधिक उपस्थित देखिएका थिएनन् । पहाडी क्षेत्रका तुलनामा मधेशमा निकै कमिकमजोरीहरु भएको देखिन्छ चाहे त्यो संघीय सरकारबाट होस् वा प्रादेशिक सरकारबाट गरियोस् वा स्थानीय सरकारद्वारा होस् । नारायणी अञ्चल कै भित्री मधेशमा यदि स्वास्थ्य सेवा, सुविधा हेरिन्छ भने बाहिरी मधेशको तुलनामा ४ गुणा भन्दा बढी सेवाग्राहीहरुले लाभ उठाइरहेको देखिन्छ। जस्तै करिब ७ लाख जनसंख्या भएको चितवन जिल्लाको बीचमा पर्ने करिब १ लाख जनसंख्या रहेको रत्ननगर पालिकामा पर्ने टाँडीको राजमार्गबाट १०० मिटर उत्तरतर्फ सानो क्षेत्रमा अवस्थित २ तल्ले भवनमा "बकुलहर अस्पताल" छ जहाँ विहानैदेखि मानिसहरुले पुर्जि कटाउन वा अनलाइनमा पुर्जीका लागि लाइन क्लियरेन्स गर्न सकिन्छ। सवै रोगहरुका लागि अलग अलग फाँट, विभाग छुट्याइएको हुन्छ । विडम्वना कलैयामा भने अस्पताल कम्पाउन्डको क्षेत्र बढी भएपनि अव्यवस्थित तरिकाले कमिशनको भरमा चारैतिर भवन निर्माण गरिएकाले भद्रगोल देखिन्छ। भोजपुरी भनाई रहेको छ "पाद भारी, डिब्बा खाली" जस्तै यहाँको रणनीति रहेको देखिन्छ । यहाँ पनि विरामी संख्यामा कमी भएको होइन कि प्रायः जसोले बाहिर आफ्नो क्लिनिक वा आफन्तको अस्पतालमा पठाउने गरेकाले झन् सेवाग्राहीहरु मारको चपेटामा परेका हुन् । कमिशनको कुखेलका कारण भित्रको मेशिनहरु खराब छ भनी सञ्चालन नगरिने र बाहिर पठाइने रणनीति अपनाउने गरिएको बताइन्छ । भित्र रहेको औषधी पसलमा पूर्ण औषधीको व्यवस्थापन नगरिने अनि बाहिरतिर दौडाउने नियती बढी देखिन्छ। अतः यस्ता कुनियतलाई हटाई समयमै थल्ला परेको प्रादेशिक अस्पताललाई सुधार गर्नका लागि ३ वटै सरकार अत्तिगम्भिर हुनुपर्ने देखिन्छ । यहाँ साँसद, माननीय, नेतागण, भद्रभलादमीहरु कानमा तेल हालेर बस्नुका साथै आँखामा कालो पट्टि बाँधेर रहेकाले नदेखिएका होलान् । यसर्थ कानमा करुतेल हाल्न बानी हटाउनुपर्ने र आँखाको पट्टि खोल्नुपर्ने देखिन्छ । यसका लागि नागरिक समाज पनि आफै सक्रिय हुनुपर्ने देखिन्छ जसबाट सिकिस्त रहेको अस्पताललाई निको पार्न सकियोस् ।

नारायणी अञ्चलमा पर्ने रौतहट, बारा, पर्सा, मकवानपुर र चितवनमध्ये स्वास्थ्य क्षेत्रमा चितवन र बारा अगाडि हो । बारा जिल्ला हरेक दृष्टिकोणले चितवन जिल्ला भन्दा अगाडि हुनुपर्ने हो तर विडम्वना यहाँका साँसद, नेता आदिका कारण बारा जिल्ला पछि नै परेको देखिन्छ । पञ्चायत कालको बरेवा अस्पताल चाँहि कलैया अस्पताल हुँदै १५ बेडबाट २५ बेड अनि हाल प्रादेशिक अस्पताल भई ५० बेड बनेको छ । तापनि सो अनुरुपको भौतिक संरचना, सामग्री, सेवाहरु प्रदान गर्न सकिएको छैन । विगत कै भवनहरुमा सञ्चालित रहेको देखिन्छ । कम्पाउन्डको बीच भागमै अगाडितिर जिल्ला स्वास्थ्य कार्यालयको भवन बनाइएको छ जसले अस्पतालको कार्य प्रक्रियामा निकै बाधा पुग्ने गरेको बताइन्छ जसलाई अलग्गै सार्नुपर्ने तर सम्वद्ध निकायको ध्यान यसमाथि पुग्न सकेको देखिदैन । त्यस्तै तालिम भवनलाई प्रशासनिक कोठा बनाइएको छ भने कुरुवाका लागि कमिशनको भरमा बनाइएको भवन पनि प्रयोग नहुँदै सखाप बनाइएकोले हाल विरामीसँगै आउने कुरुवाहरुका लागि हाल कुरुवा घरको व्यवस्था गर्न सकिएको छैन । घरको कमी भएको महशुस गरिन्छ ।




सानो ठाउँ रहेको बकुलहर अस्पताल टाँडीमा केही खास सम्वन्धित अंगहरुको उपचारहेतु विशेषज्ञ डाक्टर जस्तैः छाला, कान्नाकघाँटी, स्त्रिरोग, बालरोग, हाडजोर्नी, सर्जन, मृगौला डायलाइसिस, हेमोडायलाइसिस, दाँत, फिजिओथेरापी आदि सेवा उपलव्ध देखिन्छन् । तर प्रादेशिक अस्पताल कलैयामा भने अरु कन्सल्टेन्ट् डाक्टर भएपनि छाला, कान्नाकघाँटी, डायलाइसिस, फिजिओथेरापीजस्ता विषयका चिकित्सकहरुको उपलव्धता हुन्न । अतः महिला वार्ड, पुरुष वार्ड, बालवार्ड तथा आई.सी.यू. (इन्टेन्सिभ केयर युनिट), एन.आई.सी.यू. आदिको व्यवस्था हुनुको साथै माथिल्लो तल्लामा जानका लागि लिफ्टको सुविधा हुनुपर्दछ। यहाँ इन्डोर भवन बन्दा चर्को कमिशनमा बनेकाले वर्षात् हुँदा पानी चुहिरहने गरेको बताइन्छ।

यहाँ साइकल, मोटरबाइक, कार पार्किङ्ग स्थलको व्यवस्था अलग्गै मिलाउनुपर्ने गरिएको छैन । कम्पाउन्डको उत्तरतर्फ खुल्ला रहेको पर्खाल बन्द गरिनुपर्दछ । यस्तै लेबोरेटरी परीक्षणमा डिजिटल/भिडिओ एक्सरे, भोजननली परीक्षणको लागि इन्डोस्कोपी, श्वाँसनलीमा निरुपणहेतु ब्रोन्कोस्कोपी, ईसीजी (इलेक्ट्रो कार्डिओ ग्राम), सक्शन, नेबुलाजर, जिन एक्सपर्ट जाँच, महामारी रोग प्रयोगशाला, थाइराइडजस्ता जाँच सेवा उपलव्ध गराउनु पर्दछ। त्यस्तै नियमित रुपमा एन्टिन्याटल जाँच (गर्भिणी परीक्षण) गरिनुपर्दछ । यसैगरी विरामी कुरुवाका लागि समय बिताउन, ज्ञान, मनोरञ्जन प्रदान गर्न ओपीडीनिर टीभीको सुविधा राख्नुपर्दछ र चारैतिरको निगरानी गर्नका लागि सीसीटीभीको व्यवस्था सुचारु गरिनुपर्दछ भने हरेक फाँट, पार्किङ्ग आदि स्थलको सुरक्षाका लागि पोशाकरुपी गार्ड, स्टाफ, चिकित्सक आआफ्ना काम, सेवामा कटिवद्ध हुनुपर्दछ। स्वास्थ्यकर्मी, स्टाफ, गार्ड, स्वीपर सबै ड्रेसमा हुनुपर्दछ किनकि पोशाकमा नहुँदा विरामीहरुलाई निकै अप्ठ्यारो हुने गरेको बताइन्छ।

त्यसैगरी लाइन कट्ने बित्तिकै इन्भर्टर, जेनेरेटर सुचारु गरिनुपर्दछ। नत्र लाइन कट्दा चिहान्को स्थल जस्तै लाग्ने गर्दछ । यहाँ आएर चेक जाँच गराएर मर्नु भन्दा घरमै मर्नु वेश जस्तो मानिसहरुको मस्तिष्क पटलमा व्यापक रुपमा परिवर्तन गराउने खालको पहलकदमी चाँहि हुनुपर्दछ।

टाँडीमा दैनिक ७०० जना विरामीहरु ओपीडी (आउटपेसेन्ट डोर, बहिरंग विभाग) मा स्वास्थ्य परीक्षणका लागि आउनुहुन्छ भने कलैयामा दैनिक १०० जना पनि मुश्किल विरामी आउनुहुन्छ । अस्पतालमा पुर्जी, प्याथोलोजी जाँचका लागि २४सै घण्टा सेवा उपलव्ध हुनुपर्दछ। प्रयोगशाला परीक्षणहेतु विहान ८ बजेदेखि टेष्ट शुरु गरी ओपीडी पुर्जी पनि हेरिने कार्य गरिनु पर्दछ ताकी चेक गराएर मानिसहरु आफ्नो काममा जान सकुन् । कलैयामा त "राम राज" रहेको देखिन्छ जुन बेला आउने जाने र यदि बाहिरको क्लिनिक वा प्राइवेट अस्पतालबाट फोन आयो भने बाहिर निस्किने परम्परा रहेको बताइन्छ जसमा व्यापक रुपमा निरुत्साहित गरिनुपर्दछ र बिना स्वीकृतिको बाहिर प्राइवेट जाँचमा प्रतिवद्ध गरिनुपर्दछ र साथै ८ बजेदेखि ५ बजेसम्म अस्पतालमा नै जाँच गर्नुपर्ने वातावरण मिलाइनुपर्दछ ताकी दिउँसो काम हुने विरामीले विहान अनि विहान कार्य गर्ने विरामीले दिउँसो स्वास्थ्य परीक्षण गराउन सकून् ।

विरामीको पुर्जी काट्ने कोठा, लाइन पुरुष, महिला, अशक्त, बृद्धबृद्धा गरी सबै अलगअलग व्यवस्था हुनुपर्दछ। विरामीको नम्वर लाउन अनलाइन दर्ता गराउन र छुट्टै पुर्जी गराउन सकिने सुविधा दिनुपर्दछ। कम्प्युटरबाट पुर्जी, रसिद काटिने व्यवस्था मिलाएर विरामीले पाएको नम्वरबाट क्रमवद्ध तरिकाले फलानो कोठामा विरामीको परीक्षण गरिने भन्ने "टोकन सिस्टम" को व्यवस्था मिलाउनु पर्दछ र साथै औषधि पसलमा पनि औषधि किन्नका लागि "टोकन सिस्टम" लागू हुनुपर्दछ जसबाट काँखापाखा हुँदैन। विरामीको पुर्जीहेतु ओपीडी होस् वा ईमर्जेन्सी दुवैको रु. १० नै राख्दा राम्रो हुन्छ। अहिले समितिबाट ओपीडीको रु.२० अनि ईमर्जेन्सीको रु.४० लिने गरिन्छ।

स्वास्थ्य विमाका कारण अलिकति विरामी संख्यामा बढोत्तरी भएको पाइन्छ । तर स्वास्थ्य विमालाई प्रभावकारी बनाउन सकिएको देखिदैन । यसका लागि सम्वद्ध निकाय स्फूर्त हुनुका साथै चुस्तदुरुस्त सेवासुविधा, डाक्टर, स्टाफहरुको कर्मठता, लगनशीलता, चेतनशीलता जगाउनु पर्दछ। प्रधानमन्त्री के.पी. ओलीका पालामा एक वर्षमा प्रतिव्यक्ति १ लाखसम्मको स्वास्थ्य विमा कार्यक्रम आएको जसमा करिब ५ परिवारको लागि ३.५ हजार एक पटक तिर्नुपर्ने हुन्छ र ५ लाखसम्मको निःशुल्क औषधोपचार पाइने कार्यक्रमको घोषणा पश्चात् मानिसहरुमा जागरण अभियानअनुरुप विरामीको बढोत्तरी भएको थियो । बृद्धबृद्धाका लागि निःशुल्क स्वास्थ्य विमा गरियो । अस्पतालमा सरसफाईको अवस्था अत्तिनै दयनीय रहेकोले दुर्गन्धित हुने, वरिपरि फोहोर रहने, मेनरोडतिर अगाडि नै झन् घाँस, फोहोर भई लामखुट्टेको विगविगी हुने गरेको प्रति ध्यान पुर्याउनुपर्ने देखिन्छ।


कुनै पनि विरामीलाई विशेषतः ४ वटा कुरा आवश्यक हुन्छ । पहिलो सही निरुपण, दोश्रो औषधोपचार, तेश्रो विरामीअनुसार भोजन, चौथो विरामीसित सुमधुर व्यवहारको आवश्यकता रहन्छ। यी ४ वटामध्ये कुनै एकको पनि सुहाउँदो कार्यप्रक्रिया नहुँदा विरामीको रोगलाई निको पार्न सकिन्न । अतः कलैयामा भर्ना भएका विरामीहरुलाई अस्पतालबाट नास्ता, खानाको प्रवन्ध मिलाइदैन । यस्तै मस्तिष्क, मुटु, फोक्सो, कलेजो र मृगौला गरी मानव शरीरको यी ५ वटै अंगलाई अत्तिमहत्वपूर्ण मानिन्छ किनकि यी मध्ये कुनै एकमा खराबी भएपछि मानिसको मृत्यु हुन पुग्दछ। अतः यी पाँचवटै अंगका लागि स्पेशलिस्ट डाक्टरको व्यवस्था अस्पतालमा नभएकाले सो समुचित सवै व्यवस्थापन हुनुपर्दछ । साथै कल्चर, सीटी स्क्यान, एम.आर.आई., ब्लडबैंक, इन्सिनेरेशन, अटोक्लेभिङ्ग आदिको सुविधा तथा आईसीयू, ईमर्जेन्सीमा विशेषपूर्ण तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्था मिलाउनुपर्ने टड्कारो रुपमा देखिन्छ । विरामीलाई जाडोमा समुचित कम्बल अनि गर्मीमा झुलको व्यवस्था गर्नुपर्ने देखिन्छ।

कलैयामा त सवैभन्दा घतलाग्दो कुरा के देखिन्छ भने एम्बुलेन्स सञ्चालनका लागि १० वर्षसम्म मात्र गाडी प्रयोग गरिनुपर्ने हुन्छ तर विडम्वना यहाँका एम्वुलेन्स १५/२० वर्षभन्दा बढी भएका थोत्रा गाडीहरुलाई एम्बुलेन्समा प्रयोग गरिन्छन् । साथै पर्याप्त अक्सिजन सुविधा नभएका र तालिम प्राप्त चालक नभएकाले कतिपय विरामीहरु बीच बाटोमै मृत्यु हुनु गरेका देखिन्छन् । यहाँ त अस्पतालका स्टाफ, एम्बुलेन्स चालकहरुलाई प्राइवेट अस्पताल सञ्चालकले आआफ्ना अस्पताल, क्लिनिकमा विरामी पठाएवापत् मोटो कमिशन दिने गरेकाले बाहिर सुविधायुक्त, व्यवस्थित नभए पनि कमिशनको लोभमा बाहिर पठाइने गरिएको जनगुनासाहरु बारम्वार आइराखेको पाइन्छ। यसर्थ यस्ता भद्रगोल अवस्थालाई सुधार गर्नका लागि सबै सम्वद्ध निकाय, सरकार, नेतागण, नागरिक समाज सवैको अहम् भूमिका सर्वोपरि हुनुपर्दछ। अनि मात्र थल्ला परेको प्रादेशिक अस्पताललाई बचाउन सकिन्छ।

# घातक मानव मेटाप्युमोभाइरस



डा.केदार कार्की




सामाजिक सञ्जालमा सेयर भइरहेका भिडियोहरू मार्फत ह्युमन मेटाप्युमोभाइरस सारा संसारमा परिचित भएको छ। चीनका अस्पतालहरू एचएमपीभी भाइरसबाट पीडित बिरामीहरूले भरिएको बताइएको छ। एचएमपीभी, इन्फ्लुएन्जा ए, माइकोप्लाज्मा निमोनिया र कोभिड-१९ लगायतका धेरै भाइरसको प्रकोपले अस्पताल र चिहानमा भीड बढेको बताइएको छ।

पछिल्ला केही हप्ताहरूमा, चीनमा मानव मेटाप्युमोभाइरसका घटनाहरू द्रुत रूपमा बढेका छन्, धेरै बालबालिका र वृद्धहरू। यसका लागि धेरै कारणहरू छन्। जाडो महिनामा मौसमी प्रवृत्तिका कारण श्वासप्रश्वास भाइरसको फैलावट बढ्छ। थप रूपमा, मास्क लगाउने र सामाजिक दूरी जस्ता लामो समयसम्म कोभिड-१९ को सावधानीहरूले अन्य भाइरसहरूको प्रतिरोधात्मक क्षमतालाई कम गरेको छ, जसमा मानव मेटापनेउमोभाइरसले मुख्य रूपमा बच्चाहरूलाई असर गर्छ र लगभग ०.७ प्रतिशतमा रहेको मानिन्छ विश्वव्यापी रूपमा फ्लू मामिलाहरू।

अमेरिकन लङ्ग एसोसिएसनका अनुसार, एचएमपीभी पहिलो पटक नेदरल्याण्डका अनुसन्धानकर्ताहरूले २००१ मा पहिचान गरेका थिए। यो कोरोना भाइरस जस्तै हो जसले तीव्र श्वासप्रश्वासको संक्रमण निम्त्याउँछ। यो कोरोना भाइरस जस्तै फैलिन्छ।

भाइरस मुख्यतया संक्रमित व्यक्तिहरूसँगको सम्पर्कबाट फैलिन्छ, या त खोक्दा वा हाच्छिउँ गर्दा श्वासप्रश्वासका थोपाहरू मार्फत वा ढोकाको ह्यान्डलहरू वा खेलौनाहरू जस्ता दूषित सतहहरूलाई छोएर। सघन जनसंख्या भएको सहरी क्षेत्र र भीडभाड हुने ठाउँमा भाइरसको फैलावट झनै बढिरहेको छ।

कोविड-१९ पछि, अहिले नयाँ भाइरस ह्यूमन मेटान्यूमोवायरस को बारे मा हलचल छ। सामान्य रुघाखोकी र खोकीको लक्षणबाट सुरु हुने यो भाइरस केही मानिसका लागि खतरनाक सावित हुनसक्छ आजकल नयाँ भाइरसलाई लिएर विश्वभर हलचल मच्चिएको छ। यो भाइरसको नाम ह्यूमन मेटान्यूमोवायरस हो, जसलाई ह्यूमन मेटान्यूमोवायरस भनिन्छ। यस भाइरसबाट संक्रमित बिरामीहरूमा सामान्य चिसो जस्तो लक्षण देखि निमोनिया र ब्रोंकियोलाइटिस सम्मको अवस्था विकास हुन सक्छ। यो जाडो बालबालिका, वृद्धवृद्धा र कमजोर रोग प्रतिरोधात्मक क्षमता भएका व्यक्तिका लागि खतरनाक मानिन्छ। तर, यो भाइरस कोविड-१९ भन्दा पूर्ण रूपमा फरक छ। तर केही लक्षण र रोकथामका उपायहरू कोभिडसँग मिल्दोजुल्दो छन्। जसका कारण मानिसहरुले यसलाई कोभिड-१९ सँग जोडिरहेका छन्।

### ह्यूमन मेटान्यूमोवायरस कोविड-१९ बाट कत्तिको फरक छ?

भाइरस परिवार- ह्यूमन मेटान्यूमोवायरस पैरामाइक्सोविरिडे परिवारसँग सम्बन्धित छ, जबकि सार्स -कोव -२ एक कोरोनाभाइरस हो।

इन्क्युबेशन समय - कोविड-१९को लागि इन्क्युबेशन समय लगभग २ -१४ दिन हो, जबकि ह्यूमन मेटान्यूमोवायरस को लागि यो लगभग ३ -६ दिन हो।

गम्भीरता र मृत्युदर - कोविड-१९ ले उच्च मृत्यु दर देखाएको छ, विशेष गरी वृद्ध वयस्कहरू र सह-बिरामी भएका व्यक्तिहरूमा। यसको विपरीत, ह्यूमन मेटान्यूमोवायरस ले स्वस्थ वयस्कहरूमा हल्का रोग निम्त्याउँछ, यद्यपि यसले इम्युनोकम्प्रोमाइज्ड व्यक्तिहरू जस्तै साना बालबालिका र वृद्धहरूमा गम्भीर रोग निम्त्याउन सक्छ।

विश्वव्यापी फैलावट - कोविड-१९ ले विश्वव्यापी महामारी निम्त्याएको थियो , जसले व्यापक सामाजिक प्रभाव, लकडाउन, र जीवनको महत्त्वपूर्ण क्षति निम्त्याएको थियो। ह्यूमन मेटान्यूमोवायरस, एक गम्भीर स्वास्थ्य चिन्ताको बाबजुद, समान व्यापक प्रकोपको कारण छैन र धेरै हदसम्म स्थानीय प्रकोप संग मौसमी भाइरस हो।

### सबैभन्दा जोखिममा को छ? (एचएमपीवी भाइरस मृत्यु दर)

एचएमपीवी बाट जो कोही पनि संक्रमित हुन सक्छ, तर यो भाइरस साना बालबालिका, वृद्धवृद्धा र कमजोर प्रतिरक्षा प्रणाली भएका मानिसहरूका लागि बढी खतरनाक हुन्छ।

बालबालिकाः यसले ५ वर्षभन्दा कम उमेरका बालबालिकामा ५-१६% केसहरूमा निमोनियाजस्ता गम्भीर संक्रमण निम्त्याउन सक्छ।

वृद्धहरूः लक्षणहरू वृद्धहरूमा गम्भीर हुन सक्छ, विशेष गरी यदि त्यहाँ अन्य पूर्व-अवस्थित स्वास्थ्य समस्याहरू छन्।

कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिहरूः कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिहरू संक्रमणबाट बढी प्रभावित हुन सक्छन्।

खोप उपलब्धता - कोविड-१९को लागि खोपहरू विकसित र व्यापक रूपमा वितरण गरिएको छ, जबकि ह्यूमन मेटान्यूमोवायरस को लागि कुनै खोप अझै अवस्थित छैन।

ह्युमन मेटाप्युमोभाइरस का लक्षणहरू गम्भीरतामा भिन्न हुन सक्छन् र सामान्यतया खोकी, ज्वरो, नाकबाट बग्ने वा भरिएको, र घाँटी दुख्ने समावेश गर्दछ। केही व्यक्तिहरूले सास फेर्न समस्या (डिस्पनिया) पनि अनुभव गर्न सक्छन्। केही अवस्थामा, संक्रमणको भागको रूपमा दाना पनि हुन सक्छ।

ह्यूमन मेटान्यूमोवायरस र सार्स -कोव -२ दुवै मुख्यतया श्वासप्रश्वासका थोपाहरू मार्फत फैलिन्छ जब संक्रमित व्यक्तिले खोक्दा वा हाच्छ्युँ गर्दा हुन्छ। यसका लक्षणहरू पनि एकअर्कासँग मिल्दोजुल्दो छन् किनभने दुवैले ज्वरो, खोकी र सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरू निम्त्याउन सक्छन्। जसले निमोनिया सहित श्वासप्रश्वासको गम्भीर अवस्था निम्त्याउन सक्छ।कोविड-१९ को रूपमा, मास्क लगाउने, हातको सरसफाइ कायम राख्ने, र संक्रमित व्यक्तिहरूसँग नजिकको सम्पर्कबाट बच्ने जस्ता ह्यूमन मेटान्यूमोवायरस रोक्नको लागि निवारक उपायहरू दुवै भाइरसहरूको लागि प्रभावकारी छन्।यद्यपि यो भाइरस कोभिड-१९ भन्दा पूर्ण रूपमा फरक छ र यसलाई खतरनाक मान्न सकिँदैन, तर सावधानी अपनाउनु धेरै महत्त्वपूर्ण छ।

एचएमपीवी (एचएमपीवी भाइरस उपचार) रोक्न यी सावधानीहरू अपनाउनुहोस्

१ . साबुन र पानीले बारम्बार हात धुनुहोस्।
२ . खोक्दा वा हाच्छिउँ गर्दा मुख र नाक छोप्नुहोस्।
३ . भीडभाड भएको ठाउँबाट टाढा रहनुहोस्।
४ . बिरामी मानिसहरूबाट दूरी राख्नुहोस्।

### एचएमपीवी बाट कसरी बच्ने?

एचएमपीवीको लागि अहिलेसम्म कुनै खोप उपलब्ध छैन र यसको लागि एन्टिभाइरल उपचारहरू सीमित छन्। विज्ञहरूका अनुसार, अधिकांश मानिसहरू आराम र तरल पदार्थ सेवनले निको हुन्छन्, तर गम्भीर अवस्थामा अक्सिजन जस्ता सहायक उपचारको आवश्यकता पर्न सक्छ।

# अन्तर्राष्ट्रिय स्पर्धाका पदक विजेता खेलाडी प्रधानमन्त्रीबाट पुरस्कृत



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले साफ महिला फुटबल, एसियाली कराँते र कावा बिच भलिबलमा पदक जित्न सफल खेलाडी, ती खेलका प्रशिक्षक र व्यवस्थापकलाई पुरस्कार प्रदान गर्नुभएको छ।

युवा तथा खेलकुद मन्त्रालयले मंगलबार प्रधानमन्त्री निवासमा आयोजना गरेको कार्यक्रममा सरकारको गत मङ्सिर २८ गतेको निर्णयबमोजिम उहाँहरूलाई पुस्कार प्रदान गरिएको हो। प्रधानमन्त्री ओलीको नेतृत्व सरकार गठन भएपछि खेलाडी एवं प्रशिक्षकलाई प्रदान गरिने पुरस्कारमा करकट्टीको व्यवस्था खारेज भएको छ।

गत कात्तिक १ देखि १४ गतेसम्म काठमाडौँमा भएको साफ वुमन च्याम्पियनसिपमा पदक विजेता अमृता जैसी, मुख्य प्रशिक्षक राजेन्द्र तामाङ र व्यवस्थापक वृन्दा देवान तथा चीनको हाइजाओमा गत असोज १देखि ७ गतेसम्म भएको बीसौँ एसियाली कराँते च्याम्पियनसिपमा पदक विजेता एरिका गुरुङ, मुख्य प्रशिक्षक कुशल श्रेष्ठलाई प्रधानमन्त्रीले पुरस्कार प्रदान गर्नुभयो।

यसैगरी उहाँले गत साउन १७ देखि २० गतेसम्म भुटानको थिम्पुमा भएको कावा बीच महिला तथा पुरुष भलिबलका विजेता कमला पुन, मनिषकुमारी चौधरी, प्रशिक्षक रुपेशकुमार विष्टलाई पनि पुरस्कार प्रदान गर्नुभयो।

खेलका माध्यमबाट देशको गरिमा अन्तर्राष्ट्रिय जगतमा वृद्धि गरेकामा खेलाडीहरूको सराहना गर्दै प्रधानमन्त्री ओलीले खेल जित्न सकिन्छ भन्ने उच्च मनोबल र अठोटका साथ प्रतिस्पर्धा गर्न सुझाव दिनुभयो। सामूहिक भावनालाई आत्मसात् गर्दै मैदानमा उत्रनुपर्नेमा उहाँले जोड दिनुभयो।रासस

# बाह्य सहयोग बढाउन प्रगतिशील विकास सहायता नीति जारी हुँदै

**अन्तर्राष्ट्रिय विकास साझेदारका प्राथमिकतामा आएको परिवर्तन, सहुलियतपूर्ण सहायतामा आएको गिरावट, निजी क्षेत्रको भूमिकाको महत्व, र संघीय प्रणालीअन्तर्गत प्रदेश तथा स्थानीय तहमा महसुस भएको विकास सहायताको आवश्यकताअनुरुप नीति परिमार्जन हुन लागेको अर्थ मन्त्रालयले जनाएको छ ।**

काठमाण्डु । बदलिँदो राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिप्रेक्ष्यलाई दृष्टिगत गरी विकास सहायता व्यवस्थापनमा सुधार गर्ने उद्देश्यसहित सरकारले 'विकास सहायता परिचालन नीति, २०८१' को मस्यौदा तयार पारेको छ।

अन्तर्राष्ट्रिय विकास साझेदारका प्राथमिकतामा आएको परिवर्तन, सहुलियतपूर्ण सहायतामा आएको गिरावट, निजी क्षेत्रको भूमिकाको महत्व, र सङ्घीय प्रणालीअन्तर्गत प्रदेश तथा स्थानीय तहमा महसुस भएको विकास सहायताको आवश्यकताअनुरुप नीति परिमार्जन हुन लागेको अर्थ मन्त्रालयले जनाएको छ।



मन्त्रालयले विकास सहायता परिचालनको अनुभव, सिकाइका आधारमा यस क्षेत्रलाई व्यवस्थित, प्रभावकारी बनाउन र उपलब्ध अवसरलाई उपयोग गर्न नयाँ नीतिको मस्यौदा तयार पारेको हो।

विकास साझेदारका आफ्ना वित्त चुनौतीका कारण वैदेशिक सहायताको संरचनामा परिवर्तन हुँदै गएको, विगतमा उपयुक्त देखिएका कतिपय नीतिगत व्यवस्था हाल असान्दर्भिक भएकाले मौजुदा नीतिलाई समयानुकूल परिमार्जन आवश्यक भएकाले नयाँ मस्यौदा तयार गरिएको मन्त्रालयले स्पष्ट गरेको छ। नयाँ नीतिले समृद्ध राष्ट्र निर्माणका लागि विकास सहायताको प्रभावकारी परिचालनमा जोड दिएको छ। "मुलुकको आवश्यकता र प्राथमिकताअनुरूप उच्च प्रतिफल दिने क्षेत्रमा विकास सहायता परिचालन गरी समृद्धि हासिल गर्नु हो। यसका लागि सहायताको उपयोग क्षमतामा वृद्धि गर्ने, राष्ट्रिय प्रणालीमार्फत आन्तरिक क्षमता अभिवृद्धि गर्ने, सहायता उपकरणमा विविधीकरण गर्दै पारदर्शिता तथा प्रभावकारिता सुनिश्चित गर्ने प्रयास हुनेछ", मस्यौदामा भनिएको छ।

प्रतिव्यक्ति आय वृद्धिसँगै सहायताका नयाँ मापदण्डअनुसार प्राप्त हुने स्रोतलाई उच्च प्राथमिकता प्राप्त क्षेत्रमा केन्द्रित गर्ने लक्ष्य मस्यौदामा प्रस्ताव गरिएको छ। सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न विकास साझेदारसँग साझेदारीमा काम गर्ने, जलवायु वित्तमार्फत जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई प्राथमिकता दिने, र आवधिक योजना हासिल गर्न स्रोत- साधन परिचालनमा सहयोग लक्ष्य निर्धारण गरिएको छ।

"निजी क्षेत्रको भूमिकालाई विकास कार्यमा अभिवृद्धि गर्न विकास सहायता परिचालनमा नीतिगत थप स्पष्टता आवश्यक देखिएको छ। प्रदेश तथा स्थानीय निकायमा विकास सहायता परिचालनको आकार बढ्दै गएको कारण विकास सहायतामा परिचालनमा अन्तरनिकाय र अन्तरसरकार समन्वय तथा सहकार्यमा स्पष्टता आवश्यक छ", मस्यौदामा भनिएको छ।

सरकारको एकल प्रयास र साधनले मात्र विकास प्रयासले सार्थक गति लिन सम्भव नहुने भएकाले निजी क्षेत्रलगायत अन्य विकास साझेदारसँग भएको साधन, ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै जानुपर्ने आवश्यकता मस्यौदामा औँल्याइएको छ।

"विकास सहायताका नयाँनयाँ अवधारणा, वित्तीय उपकरण र शैलीको विकास लाई आत्मसात गर्दै विकास सहायतामा नवीन वित्तीय उपकरण परिचालन र उपयोग गर्न नयाँ नीतिको आवश्यक छ", मस्यौदामा भनिएको छ, "सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको रुपमा स्तरोन्नति भए पश्चात् नेपालले प्राप्त गर्दै आएको सहुलियत तथा सुविधामा केही असर पर्नसक्ने र प्रतिव्यक्ति राष्ट्रिय आयमा हुने वृद्धिसँगै द्विपक्षीय र बहुपक्षीय विकास साझेदारका सहुलियतपूर्ण विकास सहायताका लागि निर्धारित मापदण्डका कारण नेपालले प्राप्त गर्ने सहायताको लागत क्रमशः बढ्ने, अनुदान सहायता घट्दै जाने र सहुलियतपूर्ण ऋण भुक्तानी अवधि कम हुने भएकोले सोही अनुरुप विकास सहायता परिचालनमा छनौटपूर्ण हुनुपर्ने अवस्था छ।"

अनुदानको रूपमा प्राप्त हुने विकास सहायताको रकम कर तिर्ने प्रयोजनको लागि उपयोग नगरिने प्रस्ताव गरिएको छभने वस्तुगत सहायताअन्तर्गत प्राप्त हुने उपकरण तथा सामग्रीको पैठारीमा सम्बन्धित विषयगत मन्त्रालयको सिफारिसमा मन्त्रालयले कर छुट सुविधा प्रदान गर्न सक्ने वा सरकारको स्रोतबाट कर दायित्व व्यहोर्नुपर्ने छ।ऋण सहायताका आयोजनामा भने कर छुटसम्बन्धी प्रावधान समावेश गरिने छैनभने स्वदेशमै उत्पादन हुने सामग्रीको पैठारीमा पनि कर छुट दिइने छैन। विकास साझेदारको कार्यक्षेत्र विभाजन गर्न सकिने व्यवस्था मस्यौदामा गरिएको छ।

बाह्य सहयोग बढाउन प्रगतिशील विकास सहायता नीति जारी गर्ने उद्देश्यका साथ मस्यौदा तयार भएको तथा त्यसमा सरोकारवालालाई सुझाव दिन अनुरोध गरिएको उक्त मन्त्रालयको अन्तरराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका एक जना कर्मचारीले बताउनुभयो।रासस

# 'कलाकारले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाएका छन्'

काठमाण्डु । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले कलाकारले कला संस्कृतिको प्रवर्द्धन गरेर मुलुकलाई अन्तर्राष्ट्रियरूपमा चिनाउन मद्दत गरेका बताउनुभएको छ।




नेपाल व्यावसायिक कलाकार सङ्घ (क्यान)को ३०औँ स्थापना दिवस तथा राष्ट्रिय विभूति कलाकार अरनिकोको स्मृति दिवसका अवसरमा कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा आयोजित 'पुरस्कार वितरण तथा अग्रज कलाकार सम्मान कार्यकम' मा उपप्रधानमन्त्री सिंहले कलाकारसँग भेट्न पाउँदा र सम्मान गर्न पाउँदा आफू हुर्षित हुने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "जीवन नै कलाकारितामा समर्पण गरेर योगदान दिने स्रष्टालाई सम्मान गर्नुपर्दछ। कलाकारको योगदानको कदर जति गरे पनि कम हुन्छ। कलाकारलाई राज्यले सक्ने सहयोग गर्छ।" पुरस्कारबाट पुराना कलाकारप्रति सम्मान हुनाका साथै नयाँलाई यस पेसाप्रति रुचि बढ्न मद्दत पुग्ने उहाँको भनाइ थियो।

सो अवसरमा 'हेम-गङ्गा युवा कला प्रतिभा पुरस्कार'बाट केदार दाहाल, 'हेम-गङ्गा नारी कला प्रतिभा पुरस्कार'बाट इन्दु पन्त, 'क्यान आइडियल कला पुरस्कार'बाट विपिन श्रेष्ठ, 'अमात्य कला पुरस्कार'बाट सुन्दर लामा, 'मुल्मी ग्राफिक डिजाइन पुरस्कार'बाट राजन काफ्ले, 'निर्वाण कला सम्मान'बाट स्मिता श्रीवास्तव र 'सुरेन्द्र सम्मान दीर्घ कला-साधक सम्मान'बाट प्रा गोविन्दनारायण ज्यापूलाई पुरस्कृत गरिएको थियो।

यसैगरी, 'क्रोधकला शिरोमणि पुरस्कार'बाट मनबहादुर विक, 'क्यान सिग्देल आर्ट पुरस्कार'बाट डा कृष्ण ओझा, 'बालकृष्ण स्मृति कला पुरस्कार'बाट देवेन्द्र पौड्याल, 'नारायणदेवी स्मृति पुरस्कार'बाट रवीन्द्र राजभण्डारी, 'राजेश मानन्धर कार्टुन पुरस्कार'बाट पदम घले, 'ज्ञानी शाह क्यान अमूर्त कला सम्मान'बाट रमेश खनाल, 'ठाकुरप्रसाद-इन्दिरा मैनाली मूर्तिकला पुरस्कार'बाट भुवन थापा र 'ऋचा मैनाली रिजाल स्मृति पुरस्कार'बाट प्राश्ना बुढा मगरलाई नगद राशिसहित पुरस्कृत गरिएको थियो।रासस

# नेपाल वायुसेवालाई सपार्न व्यवस्थापन करारमा जानुपर्ने

काठमाण्डु । फितलो व्यवस्थान, आर्थिक सङ्कटलगायत विविध समस्याले जेलिएको नेपाल वायुसेवा निगमलाई सपार्न करार व्यवस्थापनमा जानुपर्ने सुझाव सांसदहरूले दिनुभएको छ।



प्रतिनिधिसभाको अन्तर ाष्ट्रिय सम्बन्ध र पर्यटन समितिको मंगलबारको बैठकमा निगमको समस्या धेरै पुरानो भएकाले व्यवस्थापन परिवर्तन गरेर त्यसलाई सुधार्नुपर्ने उहाँहरूले बताउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले आन्तरिक र अन्तर्राष्ट्रियरूपमा हवाई टिकटको मूल्यवृद्धि नियन्त्रण गर्न निगमलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले त्यसका लागि मुलुकको आकाश सुरक्षित हुनुपर्ने तथा त्यसमा पर्यटन क्षेत्रमा आबद्ध सबैको सहयोग आवश्यक पर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो," हवाईजहाज खरिद प्रकरणदेखि सञ्चालन र टिकट बिक्रीमा सुधार गर्न आवश्यक छ, त्यसका लागि हामी काम गरिरहेका छौँ," मन्त्री पाण्डेले निगमका समस्या समाधानका लागि कार्यकारी अध्यक्षलाई सुधारको योजनाका साथ काम गर्न एक महिनाको अवधि दिइएको बताउनुभयो।

समितिका सदस्य उदयशम्शेर जबराले निगमको समस्या २० वर्ष पुरानो र परम्परागत भएको उल्लेख गर्दै व्यवस्थापन परिवर्तन गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो। व्यवस्थापन परिवर्तन नगरी निगममा सुधार गर्न कठिन हुने विचार व्यक्त गर्नुभयो।

समितिका अर्का भीमप्रसाद आचार्यले निगमको व्यस्थापन प्रणाली परिवर्तन नगरिकन अरू परिवर्तन हुने अवस्थामा नभएको बताउनुभयो। यसको व्यस्थापन करारमा दिनुपर्छ। त्यसैगरी अर्की सदस्य सुनिता बरालले व्यवस्थापनसँगै खरिद प्रक्रियाको समस्या भए त्यो पनि सच्च्याउन जरूरी छ भन्नुभयो। सांसद शिशिर खनालले विमान खरिदमा भएको अनियमितताको छानविन समितिले गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद एनपी साउदले निगममा व्यवस्थापकीय समस्या भएको बताउदै सुधारका लागि निजी क्षेत्रलाई व्यवस्थापकीय जिम्मेवारी दिनुपर्ने वा व्यस्थापन करारमा जानुपर्छ भन्नुभयो। सांसद योगेश गौचनले कार्यकारी प्रमुख बिना नै निगम सञ्चालन भइरहेको उल्लेख गर्दै निलम्बनमा परेको व्यक्तिबाट संस्थानको हित सुनिश्चित गर्न नसकिने तर्क गर्नुभयो। बैठकमा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगम सञ्चालनको अवस्था र समस्याका बारेमा जानकारी गराउनुभएको थियो।रासस

# प्रकृति संरक्षणमा उपप्रधानमन्त्रीको जोड

काठमाण्डु । उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले बागमती कार्य योजना प्रकृतिमैत्री रुपमा अघि बढाउने बताउनुभएको छ।



अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले काठमाडौँ उपत्यकाका नगरप्रमुख तथा उपप्रमुहरुसँग प्रस्तावित बागमती कार्ययोजनाबारे मंगलबार गरेको छलफलमा उपप्रधानमन्त्री सिंहले अबका योजना प्रकृतिमैत्री रुपमा अघि बढाउनुपर्ने बताउनुभयो।

"बागमती कार्ययोजना टुटेको थियो।फेरियसलाईनिरन्तरतादिएका छौँ।बागमतीकार्ययोजनाप्रकृतिमैत्री रुपमा अगाडी बढाउँछौँ, प्रकृतिमैत्री प्रविधिको उपयोग गर्नुपर्छ," उहाँले भन्नुभयो, "यहाँको वातावरण सहाउनेगरी योजना अघि बढाउँछौँ। कार्ययोजनामा छलफलमा आएका सुझाव समेटेर सरोकारवालासँग छलफल गरी अन्तिम रुप दिन्छौँ।"

बागमती कार्ययोजनाले बागमती नदी प्रणालीमा रहेका १७ अन्य नदीको समेत अध्ययन गरेर प्राकृतिक संरक्षण क्षेत्र, ग्रामीण क्षेत्र, उपशहरी क्षेत्र, शहरी क्षेत्र र तल्लो क्षेत्र वर्गिकरण गरेर अध्ययन गर्नेछ। बीस वर्षे कार्ययोजनाको लागत अनुमान रु दुई खर्ब २५ अर्ब ३१ करोड १६ लाख रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख नारायणप्रसाद भण्डारीले जानकारी दिनुभयो।

शहरी विकास मन्त्रालयअन्तर्गतको अधिकार सम्पन्न बागमती सभ्यता योजनाले बागमती कार्ययोजना २०२४-४४ बारे छलफल गरेको हो। छलफलमा काठमाडौँ उपत्यका मेयर्स फोरमका अध्यक्ष एवं ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले कार्ययोजना सकारात्मक रहेको उल्लेख गर्दै हरियाली जोगाउने गरी प्रकृतिमैत्री रुपमा योजना अघि बढाउनुपर्ने बताउनुभयो। कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसाल, कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्की, बुढानिलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारी, उपप्रमुख अनिता लामा, कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डङ्गोल, शङ्करापुर नगरपालिकाकी उपप्रमुख समिता श्रेष्ठ, तारकेश्वर नगरपालिकाका प्रमुख कृष्णहरी महर्जन, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेत, नागार्जुन नगरपालिकाकी उपप्रमुख सुशीला अधिकारी, गोदावरी नगरपालिकाकी उपप्रमुख सुशीला अधिकारी, महालक्ष्मी नगरपालिकाकी उपप्रमुख लक्ष्मी महर्जनलगायत सहभागी हुनुहुन्थ्यो। नगरप्रमुख र उपप्रमुखले बागमती करिडोरलाई व्यवस्थित गर्ने तथा हरियाली कायम गर्नेगरी कार्ययोजना बनाउनुपर्नेमा जोड दिएका थिए।रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, ननुपट्टी गा.वि.स. वडा नं. ८ घर भई हाल धनुषा जिल्ला, शहिदनगर नगरपालिका वडा नं. ०४ बस्ने श्री गुदरी ठाकुरको नाती, श्री कौशल किशोर ठाकुरको छोरा वर्ष ६३ को श्री सुसिल कुमार ठाकुरको मिति २०८०/०५/१३ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४२८८३७ मा भएको रकम भुक्तानी पाऊँ भनि निज मृतकको पत्नी श्रीमती पुष्पा कुमारीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१



## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## हकदाबी सम्बन्धीको ३५ दिने म्याद सूचना

तपसिलको जग्गाहरुको भगुवा मोही अनुप खाँ बेल्वा रहेकोले मोही लगत कटा गरी पाउँ भनि ज.ध.हरुका तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने म्याद सूचना जारी गरिएकोछ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए यो सूचना जारी भएको मितिले ३५ दिनभित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेश कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिनछ।

| ज.ध.को नाम | जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | मोहीको नाम, ठेगाना |
|---|---|---|---|---|---|---|
| अरुण कुमार ढुयना | रौतहट | लक्ष्मीनिया | ८क | ८२१ | ०-१-१/४ | अनुप खाँ बेल्वा |
| दिलबहादुर भुजेल | रौतहट | लक्ष्मीनिया | ८क | ५३७ | ०-१-८१/२ | अनुप खाँ बेल्वा |
| टेकनाथ पौडेल | रौतहट | लक्ष्मीनिया | ८क | ७७० | ०-२-० | अनुप खाँ बेल्वा |
| मेघनाथ नेपाल | रौतहट | लक्ष्मीनिया | ८क | ५५६ | ०-२-२१/२ | अनुप खाँ बेल्वा |
| विष्णुमाया तिमलसिना | रौतहट | लक्ष्मीनिया | ८क | ६०९ | ०-२-६ | अनुप खाँ बेल्वा |
| धनबहादुर श्रेष्ठ | रौतहट | लक्ष्मीनिया | ८क | ५३८ | ०-२-१६ | अनुप खाँ बेल्वा |
| लोकनाथ नेपाल | रौतहट | लक्ष्मीनिया | ८क | ५५५ | ०-१-० | अनुप खाँ बेल्वा |
| नारायण प्रसाद पौडेल | रौतहट | लक्ष्मीनिया | ८क | ७६९ | ०-०-१५ | अनुप खाँ बेल्वा |

# नेपालको हिमाली क्षेत्र किन भूकम्पको उच्च जोखिममा छ

बीबीसी

काठमाण्डु । नेपाल-चीन सीमानजिकै हिमाली क्षेत्रलाई केन्द्रबिन्दु बनाएर मङ्गलवार बिहान गएको शक्तिशाली भूकम्पपछि हिमालय क्षेत्रमा भूकम्पीय जोखिमबारे चासो र चिन्ता व्यक्त भइरहेको छ।

नेपालको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले नेपालमा मुख्यरूपमा उत्तरतर्फका सात जिल्लाहरूमा भूकम्पको प्रभाव परेको हुन सक्ने जनाएको छ।

प्राधिकरणका अनुसार चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्यी काउन्टी केन्द्र भएर ६.८ म्याग्निट्यूडको भूकम्प गएको हो। विज्ञहरूका अनुसार पश्चिममा अफगानिस्तानदेखि पूर्वमा म्यान्मारसम्म फैलिएको हिन्दूकुश तथा हिमालय क्षेत्र भूकम्पीय जोखिमका दृष्टिले निकै संवेदनशील रहेको छ। नेपालमा ८०० किलोमिटरभन्दा लामो हिमाली क्षेत्र भएकाले यस क्षेत्रको भूकम्पीय जोखिमको एक तिहाइ प्रभाव यसै क्षेत्रमा पर्ने अवस्था रहेको राष्ट्रिय भूकम्प मापन अनुसन्धान केन्द्रका अधिकारीहरू बताउँछन्। केन्द्रका सिनियर डिभिजनल सिस्मोलोजिस्ट लोकविजय अधिकारीका अनुसार पृथ्वीको सतहमुनि रहेका जमिन-जमिनका दुईवटा प्लेटहरूले एक आपसलाई धकेलिरहेको अवस्था हिमालय क्षेत्रमा मात्र रहेको छ।



उनले भने, "अन्य क्षेत्रमा पनि पृथ्वीमुनिका प्लेटहरूबीच टकराव तथा छुने अवस्था बनिरहेको छ तर त्यो समुद्री प्लेट र जमिनको प्लेटबीच भइरहेको देखिन्छ।"

"हिमालय क्षेत्र मात्र यस्तो क्षेत्र हो यहाँ जमिनमुनि नै रहेका दुईवटा प्लेटहरू टकराइरहेका छन्।"उनका अनुसार समग्र हिमालय तथा हिन्दूकुश क्षेत्रमा पृथ्वीको सतहमुनि दक्षितर्फ रहेको भारतीय प्लेट प्रतिवर्ष करिब चार सेन्टिमिटरको दरले उत्तरतर्फ रहेको युरेसियन प्लेटतर्फ सरिरहेको छ। "भारतीय प्लेट युरेसियन प्लेटमुनि रहेको छ र बर्सेनि सर्ने चार सेन्टिमिटरमध्ये हाम्रो नेपालको क्षेत्रमा पर्ने हिमालयमुनि मात्र करिब दुई सेन्टिमिटर सर्ने गर्छ," उनले भने।

"त्यसरी सर्दा दुईवटा काठहरू तल र माथि खप्टाएर राखेर विपरीत गतिमा ठेल्दा जस्तो घर्षण पैदा भएर हलचल उत्पन्न हुन्छ उस्तै खालको दरार हाम्रो हिमालमुनि पनि उत्पन्न भइरहेको छ।"

त्यसरी उत्पन्न हुने दरारका कारण हिमालय क्षेत्रमा भूकम्प गैरहने जोखिम निकै उच्च भएको उनको भनाइ छ।अधिकारीहरूका अनुसार नेपालमा दुई म्याग्निट्यूडभन्दा बढीका झन्डै १० वटा ससाना भूकम्प दैनिक रूपमा जाने गरेका छन्। अधिकारीका अनुसार नेपालभित्रै र हिमाली क्षेत्रमध्ये पनि पश्चिमतर्फको भागमा भूकम्प जाँदा त्यसले असर पुऱ्याउने क्षेत्र धेरै हुने देखिन्छ।

त्यसको कारणबारे उनी भन्छन्, "दुईटा प्लेटहरूमा दरार पैदा हुँदा पनि सबैतिर एकै खालको अवस्था रहँदैन। विशेषगरी पश्चिम नेपालतिर, हिमालयभन्दा धेरै दक्षिणतर्फ पनि त्यस्तो दरार पैदा हुने अवस्था छ। त्यसले पश्चिम नेपालमा भूकम्पको 'वेभलेन्थ' धेरै हुन्छ।"

भूकम्प गएको स्थानको भौगोलिक अवस्था कस्तो छ भन्नेले पनि जोखिम कम र बढी हुने गरेको अधिकारी बताउँछन्। "जमिनमुनि धेरै चट्टान भएको कडा क्षेत्रमा भूकम्प स्वाट्टै गएर लामो समय नरहने हुन्छ भने काठमाण्डूजस्तो जमिनमुनि बालुवा वा माटोजस्तो बनोट भएको क्षेत्रमा धेरै बेरसम्म भूकम्पको धक्का रहन्छ," अधिकारीले भने।

"भूकम्प गएका बेला त्यस्तो अवस्थाले पनि कहाँ कति असर पार्छ भन्ने हुन्छ। कुनै पनि पहाडको उचाइतर्फ धक्का धेरै महसुस हुने र ठूलो क्षति हुने गरेको देखिएको छ।" अधिकारी सैद्धान्तिक रूपमा तथा व्यापक क्षेत्रलाई समेटेर हिमाली क्षेत्रमा हुन सक्ने भूकम्पीय जोखिमबारे अध्ययनहरू भए पनि सूक्ष्म ढङ्गको अध्ययनको अभाव रहेको बताउँछन्।


उनले भने, "नेपालका हिमाल र चुचुराहरूको भौगोलिक अवस्थाहरूलाई हेरेर विस्तृत रूपमा गरिएको अध्ययन हालसम्म उपलब्ध छैन। त्यसैले हामीलाई कस्तो भूकम्प जाँदा कहाँ कस्तो प्रकारको क्षति हुन्छ भन्ने थाहा छैन।"हिमाली क्षेत्रमा भूकम्पपछिको जोखिम अझ धेरै हुने जानकारहरू बताउँछन्।

अधिकारी भन्छन्, "भूकम्पका कारण हिमाली क्षेत्रमा पहिरो जाने तथा त्यस क्षेत्रमा रहेका हिमतालहरू फुट्ने सम्भावना बढ्छ। त्यसले गर्दा विपद्को जोखिमलाई थप बढाउँछ।" केही वर्षअघि अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र 'इसिमोड'ले सार्वजनिक गरेको एउटा प्रतिवेदनले नेपालको कोशी, गण्डकी र कर्णाली जलाधार क्षेत्र सहित भारत र चीनमा ४७ वटा सम्भावित खतरनाक हिमतालहरू रहेको देखाएको थियो।

खतराको सूचीमा परेका हिमतालहरूमध्ये २१ वटा नेपालमा, २५ वटा तिब्बतमा र एउटा भारतमा रहेको सो अध्ययनले उल्लेख गरेको छ।

## प्रधानमन्त्री कप महिला क्रिकेट :

# डडेल्धुराद्वारा कञ्चनपुर पराजित



बैतडी । बैतडीमा जारी प्रधानमन्त्री कप महिला टि-२० सुदूरपश्चिम प्रदेशस्तरीय छनोट क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबारको खेलमा डडेल्धुराले कञ्चनपुरलाई पराजित गरेको छ । डडेल्धुराले कञ्चनपुरलाई ६ विकेटले हराएको हो ।

दशरथ चन्द क्रिकेट मैदानमा पहिला ब्याटिङ गरेको कञ्चनपुरले १६ दशमलव पाँच ओभरमा सवै विकेट गुमाएर ८८ रन बनायो । डडेल्धुराले ८९ रनको विजयी लक्ष्य १७ दशमलव एक ओभरमा चार विकेटको क्षतिमा प्राप्त गऱ्यो ।

डडेल्धुराका लागि रविना धामीले अविजित १६ र हेमा भट्टले १५ रन बनाइन् । बलिङतर्फ कञ्चनपुरकी मञ्जु विष्टले दुई विकेट लिइन् ।

यसअघि पहिला ब्याटिङ गर्ने क्रममा कञ्चनपुरकी रेवती धामीले सर्वाधिक ४१ रनको योगदान दिइन् । बलिङतर्फ डडेल्धुराकी हिरा साउदले तीन विकेट लिइन् । उनी ' प्लेयर अफ दी म्याच' घोषित भइन् ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको आयोजना तथा बैतडी जिल्ला क्रिकेट सङ्घको सहआयोजनामा यही पुस १९ गतेदेखि उक्त प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता पुस २५ गतेसम्म चल्ने छ । प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका खेलाडी छनोट गरेर प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशको टोली तयार गरिने सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष वासुदेव जोशीले जानकारी दिए । प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिता आगामी माघ १ गतेदेखि कैलालीको धनगढीमा हुने तय भएको छ ।रासस

# जर्मनीमा विद्युतीय कार बिक्री २७.४ प्रतिशतले घट्यो

एएफपी

बर्लिन । गत वर्ष जर्मनीमा विद्युतीय कारहरूको बिक्री २७ दशमलव ४ प्रतिशतले घटेको आधिकारिक तथ्याङ्कले सोमबार देखाएको छ ।

समग्रमा, सन् २०२४ मा युरोपको सबैभन्दा ठूलो कार बजारमा लगभग २ दशमलव ८ लाख नयाँ विद्युतीय कार दर्ता भएको थियो । यो अघिल्लो वर्षको तुलनामा एक प्रतिशतले कम भएको केबिए सङ्घीय यातायात प्राधिकरणले जनाएको छ ।

तीमध्ये, केवल तीन लाख उपभोक्ताहरूलाई विद्युतीय कार छनौट गर्न निरुत्साहित गरेको छ ।"

विद्युतीय कारहरूको घट्दो बिक्रीले जर्मनीको फराकिलो अटो उद्योगले सामना गर्ने चुनौतीहरूलाई रेखांकित गर्छ ।यस क्षेत्रले कमजोर माग र विद्युतीय सवारी साधन समस्यासँग सङ्घर्ष गरेको छ । निर्माता र आपूर्तिकर्ताहरूले गत वर्ष धेरै रोजगार कटौतीको घोषणा गरेको थियो ।

फेब्रुअरी २३ गते हुने निर्वाचनअघि अटो उद्योगको सङ्कट राजनीतिक मुद्दा



८० हजार ६०९ विद्युतीय कार थिए, जुन १३ दशमलव ५ प्रतिशतको बजार हिस्सा बराबर छ ।इवाई विश्लेषक कन्स्टान्टिन गलले भन्नुभयो,"सन् २०२३ को अन्त्यमा सरकारी अनुदान फिर्ता लिएपछि जर्मनीमा विद्युतीय कारहरूको माग सुस्त भएको छ । नयाँ इभि मोडलहरूको उच्च मूल्य, कमजोर चार्जिङ पूर्वाधार र दायरा सीमितताहरूले पनि धेरै बनेको छ ।केही आलोचकहरूले जर्मनीको सामान्य आर्थिक मन्दीलाई विद्युतीय सवार ।साधनमा सँग जोडेका बताएका छन् । यसले विद्युतीय कार निर्माताहरूलाई कमजोर बनाएको छ । अर्थ कार निर्माताहरूले आगामी वर्ष बिक्रीमा सामान्य वृद्धि भन्दा बढी आशा गर्न सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो ।

# हमासले मुक्त गर्न सक्ने ३४ बन्धककको सूचीमा छैन विपिन जोशीको नाम

बीबीसी

काठमाण्डु । इजरेलसँग युद्धविराम भयो भने हमासले मुक्त गर्न लागेका भनिएका थप बन्धकहरूको सूचीमा नेपालका विपिन जोशी नभए पनि एक वर्षअघिसम्म उनी जीवित नै रहेको सूचना आफूहरूले पाएको तेल अभिभस्थित नेपाली राजदूतले बताएका छन्।

इजरेलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले हमासले मुक्त गर्न लागेका ३४ जना बन्धकहरूको सूचीमा नेपाली बन्धक नरहेको जानकारी इजरेली पक्षले आफूलाई दिएको बताए।

हमासले मुक्त गर्न लागेका बन्धकहरूको बीबीसीले पाएको सूचीमा पनि विपिन जोशीको नाम समावेश छैन। राजदूत नियुक्त भएर एक महिनाअघि इजरेल पुगेका पण्डितले सन् २०२३ को डिसेम्बरदेखि विपिन जोशीको अवस्था अज्ञात रहेको बताएका छन्। "डिसेम्बरयता पक्का प्रमाण केही छैन भन्ने उनीहरूको भनाइ छ र खोजीनितीमा सम्पूर्ण संयन्त्र लागिपरेको छ," राजदूत पण्डितले तेल अभिभबाट बीबीसी न्यूज नेपालीसँग टेलिफोनमा भने।

"पोहोर (२०२३)को नोभेम्बर अन्तिमसम्म उनी जीवित रहेको भिडिओ फुटेज यहाँको गुप्तचर र आईडीएफ (इजरेल डिफेन्स फोर्सेस)सँग छ," उनले भने।

सन् २०२३ नोभेम्बरमा सार्वजनिक भएको उत्तरी गाजास्थित अल-शिफा अस्पतालको एउटा सीसीटीभी भिडिओमा देखिएका केही मानिसमध्ये एक जना नेपाली नागरिक पनि रहेको इजरेली सेनाले जनाएको थियो। अक्टोबर ७ को उक्त भिडिओमा देखिएका व्यक्ति आफ्ना भाइ नै रहेको विपिनका दाजु किशोर जोशीले बीबीसी न्यूज नेपालीसँग बताएका थिए ।

राजदूत पण्डितले त्यही समय आसपासमा एउटा बङ्करमा पनि हसमाले अन्तर्वार्ता लिँदा जोशी बोलेको भिडिओ



आफूहरूले पाएको इजरेली पक्षले आफूलाई जानकारी दिएको बताए।

"अस्पताल र अर्को बङ्करको पनि फुटेज छ। बङ्करमा उहाँसँग अन्तर्वार्ता लिँदा अलि त्रसित अनुहार तर बोलेको देखिएको यिनीहरूले हसमाले आक्रमण गर्दा पाएको भिडिओ रेकर्डबाट झिकेको हो," उनले भने ।

अझैसम्म हमासको नियन्त्रणमा रहेका करिब १०० जनाको अवस्था इजरेलको सरकारलाई पनि थाहा नभएको नेपाली दूतावासले जनाएको छ। राजदूत पण्डितले जोशी सकुशल मुक्त हुने आशा कायमै रहेको बताए। "सकुशल अवस्थामा छन् भने मेरो विचारमा विपिन जोशी पनि छुट्न सक्छन् कि भन्ने आशा गर्न सक्छौँ तर त्यो सूचीमा कुनै पनि विदेशी बन्धकको नाम चाहिँ छैन," राजदूतले भने।

उनका अनुसार हमासले इजरेलसँगको युद्धविरामका क्रममा मुक्त गर्न लागेका बन्धकहरूमा इजरेली नागरिकहरूको मात्रै नाम छ।"हमासको र हाम्रो सीधा सम्पर्क छैन । हामीले आईडीएफ र इजरेलको गृह मन्त्रालयबाट जानकारी लिने हो। हामीले लिने आधिकारिक जानकारी त्यहाँबाटै हो," उनले भने । विपिन जोशीलाई सन् २०२२ को अक्टोबर ७ मा हमासले इजरेलमा गरेको आक्रमणका क्रममा गाजा नजिकैको इजरेली सहर किबुत्ज अलुमिमबाट अपहरण गरेको थियो।

> विपिन जोशीलाई सन् २०२२ को अक्टोबर ७ मा हमासले इजरेलमा गरेको आक्रमणका क्रममा गाजा नजिकैको इजरेली सहर किबुत्ज अलुमिमबाट अपहरण गरेको थियो।

राजदूत पण्डितले चार दिनअघि आफू तेल अभिभ भन्दा करिब ११० किलोमिटर टाढाको उक्त स्थानमा अनुगमनका लागि पुगेको बताएका छन्।"त्यहाँको क्याम्पसका प्रमुखलाई भेटेँ। उनले अपहरण गरेर लगिएको र अन्य १० जना विद्यार्थी मारिएको ठाउँ देखाए," उनले भने ।

"कलेजमा मारिएका विद्यार्थीहरू र छेउमा विपिनको तस्बिर ठूलो बनाएर राखिएको छ।"

राजदूत पण्डितले जोशी अध्ययनरत कलेजका सहपाठीहरू पनि उनको रिहाइको विषयलाई लिएर नेपालीहरू जत्तिकै चिन्तित देखिएको बताए। नेपाली दूतावासले विपिन जोशीको रिहाइका लागि सक्दो प्रयास गरिरहेको दाबी गरेको छ।"मध्यस्थताको काम गरिरहेका कतार र इजिप्ट अनि अरूमार्फत् पनि नेपाल सरकारले पहल गर्दा राम्रो हुन्छ भन्ने यहाँको सरकारको धारणा छ," राजदूत पण्डित भन्छन्।

उनका अनुसार इजरेली अधिकारीले नेपाललाई विपिनको रिहाइबारे सिधै प्यालेस्टाइनसँग पनि कुरा गर्न सुझाव दिएका छन्।

"यहाँको सरकारको बन्धकसम्बन्धी हेर्ने प्रधानमन्त्रीको सल्लाहकारले 'तपाईँको सम्बन्ध अरब विश्वसँग पनि छ। संयुक्त राष्ट्रसङ्घमा पनि ठूलो उपस्थिति र योगदान छ। उहाँहरूमार्फत् पनि विपिन जोशीको बारेमा कोसिस गर्नुस्' भन्नुभयो," उनले भने।

"'कतिपय कुरा हाम्रो प्रयासबाट नभए त्यताबाट पनि हुन सक्छ' भन्नुभयो।" नेपालमा आफ्नो कार्यकाल सकेर हालै इजरेल फर्किएका नेपालका लागि इजरेली राजदूत हनान गोडर अहिले इजरेलको विदेश मन्त्रालयमा कार्यरत छन्।

गोडरले काठमाण्डूमा रहँदा जोशीको परिवारसँग नियमित सम्पर्क गर्ने गरेको विपिन जोशीका दाजु किशोर जोशीले यसअघि बीबीसीसँग बताएका थिए।

इजरेलका लागि नेपाली राजदूत पण्डितका अनुसार गोडरले पनि विपिनको रिहाइबारे चासो लिने गरेको छन् ।

यसअघि प्यालेस्टिनी लडाकु समूह हमासले इजरेलसँग युद्धविराम भयो भने पहिलो चरणमा आफूले रिहा गर्ने ३४ बन्धकहरूको नाम भएको सूची बीबीसीलाई उपलब्ध गराएको थियो।

उक्त सूचीमा १० महिला र ५० देखि ८५ वर्षसम्मका ११ पुरुष छन्। त्यसबाहेक यसअघि हमासले मृत्यु भइसकेको जनाएका केही बालबालिका पनि छन्।

सन् २०२२ को अक्टोबर ७ मा हमासले अप्रत्याशित आक्रमण गर्दा १० जना नेपाली विद्यार्थी र अन्य देशका नागरिकसहित १,२०० जनाको मृत्यु भएको थियो। उक्त घटनामा हमासका लडाकुहरूले २५१ जनालाई बन्धक बनाएर प्यालेस्टिनी भूमितिर लगेका थिए।

तीमध्ये नेपालका विपिन जोशी पनि भएको ठानिएको थियो ।

अहिलेसम्म १०० भन्दा बढी बन्धक मुक्त भइसकेका छन्। बाँकी बन्धकमध्ये कति जना जीवित छन् भन्ने हमासले खुलाएको छैन।युद्धविरामका लागि कतारको दोहामा फेरि संवाद सुरु भएको छ। तर त्यसमा खासै प्रगति हुन नसकेको बुझिएको छ।

# ब्राजिलले इन्डोनेसियालाई ब्रिक्सको नयाँ सदस्यको रूपमा घोषणा गर्यो

एएनआई

ब्राजिल । ब्राजिलले इन्डोनेसिया ब्रिक्स समूहको पूर्ण सदस्य भएको घोषणा गरेको छ । सन् २०२५ मा ब्रिक्सको अध्यक्षता गर्ने ब्राजिलले सन् २०२३ मा जोहानेसबर्ग शिखर सम्मेलनमा इन्डोनेसियाको उम्मेदवारीलाई नेताहरूले समर्थन गरेको बताएको छ ।

ब्राजिलको विदेश मन्त्रालयले ब्रिक्समा इन्डोनेसियाको प्रवेशलाई स्वागत गरेको छ । यसले इन्डोनेसिया र अन्य ब्रिक्स सदस्यहरूले विश्वव्यापी शासन संस्थाहरूको सुधारलाई समर्थन गर्ने बताएको छ ।

"ब्राजिल सरकारले इन्डोनेसियालाई ब्रिक्समा प्रवेश गरेकोमा स्वागत गर्दछ ।

सबैभन्दा ठूलो अर्थतन्त्र र दक्षिणपूर्व एशियामा सबैभन्दा बढी जनसङ्ख्या भएको राष्ट्रको रूपमा इन्डोनेसियाले अन्य ब्रिक्स सदस्यहरूसँग विश्वव्यापी शासन संस्थाहरूको सुधारको लागि महत्त्वपूर्ण योगदान गर्दछ,"ब्राजिलको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।




इन्डोनेसियाले नयाँ सरकारको स्थापनापछि मात्र ब्रिक्समा सामेल हुने आफ्नो रुचिबारे समूहलाई औपचारिक रूपमा जानकारी गरायो ।ब्रिक्स देशहरूले सन् २०२४ मा इन्डोनेसियाको सदस्यतालाई सर्वसम्मतिले अनुमोदन गरेको विज्ञप्तिमा भनिएको छ ।

ब्रिक्स औपचारिक समूहको रूपमा सन् २००६ मा जि-८ आउटरिच शिखर सम्मेलनको बैठक पछि सुरु भयो । सन् २००६ मा न्यूयोर्कमा विदेश मन्त्रीहरूको पहिलो बैठकमा समूहलाई औपचारिकता दिइएको थियो ।

पहिलो ब्रिक्स शिखर सम्मेलन सन् २००९ मा रूसको येकातेरिनबर्गमा भएको थियो । सन् २०१० मा न्यूयोर्कमा भएको ब्रिक्स विदेश मन्त्रीहरूको बैठकमा दक्षिण अफ्रिकालाई समावेश गरी ब्रिकलाई ब्रिक्समा विस्तार गर्ने सहमति भएको थियो ।

# उद्धार र राहतमा जुट्न चीनिया राष्ट्रपतिको अपिल

सिन्ह्वा

बेइजिङ। चीनको दक्षिणपश्चिमी सिजाङ स्वायत्त क्षेत्रमा मङ्गलबार बिहान आएको ६.८ म्याग्निच्युडको भूकम्पपछि राष्ट्रपति सि जिनपिङले सबै प्रकारका उद्धारको प्रयास गर्न निर्देशन दिनुभएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष समेत रहेका सीले महत्वपूर्ण निर्देशन दिँदै घाइतेहरुको उद्धार र उपचारका लागि सक्दो प्रयास गर्न माग गर्नुभएको छ ।

साथै, उहाँले प्रभावित बासिन्दाहरूलाई उचित रूपमा पुनर्स्थापना गर्न पनि आग्रह गर्नुभयो ।चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोको स्थायी समितिका सदस्य तथा प्रधानमन्त्री ली छ्याङले मङ्गलबार उद्धार कार्य सञ्चालन गर्न आह्वान गर्नुभएको छ ।

# अमेरिकी डलर उकालो लाग्दा अन्य मुद्राको मूल्य यस्तो



काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । केन्द्रीय बैंकले तोकेको विनिमयदर अनुसार अमेरिकी डलरको भाउ बढ्नुका साथै मंगलबार अधिकांश विदेशी मुद्राको भाउ वृद्धि भएको हो ।

अमेरिकी डलर एकको खरिददर एक सय ३७ रुपैयाँ तीन पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ६३ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ६८ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ३१ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ७८ पैसा, बिक्रीदर एक सय ७२ रुपैयाँ ५३ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ९१ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ५७ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ आठ पैसा र बिक्रीदर ८६ रुपैयाँ नौ पैसा, क्यानेडियन डलर एकको खरिदद र ९५ रुपैयाँ ६७ पैसा र बिक्रीदर ९६ रुपैयाँ नौ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ६९ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ १३ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ७१ पैसा र बिक्रीदर आठ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७५ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ३८ पैसा र बिक्रीदर ३० रुपैयाँ ५१ पैसा निर्धारण भएको छ।

साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ४० पैसा र बिक्रीदर नौ रुपैयाँ ४४ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ४५ पैसा र बिक्रीदर १२ रुपैयाँ ५१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ १३ पैसा र बिक्रीदर १९ रुपैयाँ २२ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६३ पैसा र बिक्रीदर १७ रुपैयाँ ७० पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४४ रुपैयाँ ५९ पैसा र बिक्रीदर चार सय ४६ रुपैयाँ ५४ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६३ रुपैयाँ ५० पैसा र बिक्रीदर तीन सय ६५ रुपैयाँ नौ पैसा, ओमनी रियाल एकको खरिददर तीन सय ५५ रुपैयाँ ९२ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ४८ पैसा तोकिएको छ । त्यसैगरी, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ।

यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैंकले जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुनेसमेत जनाइएको छ ।रासस

# उनन्तीस वर्षदेखि ओडारमा व्यापार



मन्थली । दोलखाको तामाकोसी गाउँपालिका-५ का छत्रबहादुर कार्कीले २९ वर्षदेखि सोही वडास्थित भोर्ले भिरको ओडारमा व्यापार गर्दै आउनुभएको छ।

विसं २०५२ मा देवीटारमा निर्माणाधीन खिम्ती जलविद्युत् आयोजनका लागि तामाकोसी हुँदै देवीटारसम्म कच्ची मोटरबाटोको सुविधा पुगेपछि रामेछाप र सिन्धुलीका मानिस मन्थलीबाट खिम्ती हुँदै यही बाटो भएर काठमाडौँ ओहोरदोहोर गर्न थालेपछि उहाँले 'चिया चमेना'को व्यापार सुरु गर्नुभएको हो ।

तत्कालीन समयमा कार्कीले ओडारबाट सुरु गर्नुभएका व्यापार अहिले जस्ताको छानो हालेर परिमार्जन गर्नुभएको छ । ६४ वर्षीय कार्कीले पाँच छोरी र दुई छोरासहित नौ जनाको परिवारको पालपोषण यही ओडारको पसलबाट भएको आम्दानीबाट गरिरहेको बताउनुभयो।

जीविकोपार्जनमा समस्या भएपछि भारतको सिलगुढीमा १८ वर्षसम्म ज्याला मजदूरी गरेर केही रकम लिई उहाँ स्वदेश फर्कनुभएको हो । सोही बेलादेखि सुरु गर्नुभएको ओडारको पसल अहिले उहाँहरूको सहज रूपमा जीविकोपार्जन भइरहेको छ । ओडारको पसलमा किराना सामान, चिया, खाजा र अनुरोध भएमा खानासमेत खुवाउने व्यवस्था भएको कार्कीले जानकारी दिनुभयो।

"त्यसबेला यहाँ लगाएको वरपीपल अहिले सित्तल बस्ने चौतारो बनेको छ भने बाँसका झाङ फैलिँदै गइरहेका छन्, केरा, अम्बा आटीलगायत फलफूलहरू पनि पाक्ने बेला भए पनि बाँदरले दुःख दिने गरेको छ", उहाँले भन्नुभयो।

चार/पाँच आना जग्गामा गरेको उब्जनीले तीन महिना पनि खान नपुग्ने भएपछि विकल्पको खोजीमा यहाँ आइपुगेको कार्कीले बताउनुभयो। यही व्यापारबाट तामाकोसी-५ मा छ आना जग्गा किनेर भूकम्प प्रतिरोधी दुईकोठे कच्ची घर बनाएको उहाँले उल्लेख गर्नुभयो।

सबै छोराछोरीको विवाह गरिसक्नुभएका कार्की आफ्नी ६२ वर्षीया श्रीमती डम्बर कुमारीको साहारमा पसल चलाउने र घरायसी काम गर्ने गर्नुहुन्छ। "पाँच छोरीको विवाह गरेर आआफ्नो घर पठाइसके, दुई छोरामध्ये जेठोको पनि विवाह भइसक्यो, कान्छो काठमाडौँमा छ", कार्कीले भन्नुभयो। पसलबाट सुरुआती चरणमा दैनिक रु दुई हजार पाँच सयदेखि रु १० हजारसम्म व्यापार हुने गरको बताउँदै कार्कीले ग्राहकले आधुनिक बसाइ, खाना खोज्नाले अहिले दैनिक रु पाँच-छ सयको मात्र बिक्री हुने उल्लेख गर्नुभयो।

गत असोजमा १२ गते आएको बाढीका कारण रोशी खोलाले बिपी राजमार्ग अवरुद्ध पारेपछि काठमाडौँबाट रामेछाप, दोलखा, सोलु र सिन्धुलीका विभिन्न भागमा काठमाडौँबाट आउनेजाने सवारीसाधन पुष्पलाल मार्गबाट सञ्चालन हुँदा आफ्नो व्यापार बढेको कार्कीले बताउनुभयो । बिपी राजमार्ग सञ्चालनमा आई खुर्कोटको पुलसमेत बनेपछि पुनःव्यापार घटेको उहाँले सुनाउनुभयो।

विसं २०७२ को भूकम्पले समेत ओडारमुनिको ओडारका पसलमा कुनै क्षति नपुगेको उहाँले बताउनुभयो । "पटकपटक वडा र पालिकाले भूकम्पको जोखिम भएकाले यहाँ नबस्न अनुरोध गरिरहेका छन् । लामो समयदेखि यही बसेर व्यापार गरेको र केही संरचना पुनःनिर्माण गरिसकेका यहाँबाट अन्यत्र जान सबेको छैन", उहाँले भननुभयो।

ओडारमा अहिले पनि बिजुली बत्ती नजोडिएको भन्दै कार्कीले पटकपटक प्रयास गरे पनि ऐलानी जग्गामा अस्थायी बासोबास भएकाले विद्युत् प्राधिकरणले खम्बा र मिटर नदिएको गुनासो गर्नुभयो । सोही कारणले साँझ अबेरसम्म बस्न नसकिने र व्यापार पनि कम हुने उहाँको बुझाइ छ।

"मैले रोपेको बाँसमध्ये सात झाँङ फस्टाएर अएकाले बिक्री गर्नेबेला भएको छ। वर, पीपल ठूला भएर सित्तल बस्ने चौतारो बनिसकेको छ । केरा आँटी, अम्बालगायत फलफूलहरू फल्न लागिसकेका छन् । यो ठाउँ छाडेर काहीँ जान मन लाग्दैन", कार्कीले भन्नुभयो। स्थानीय सरकारले विद्युत्को व्यवस्था गरिदिए व्यापार गर्न सहज हुने उहाँको भनाइ छ।

प्रायजसो निजी सवारीसाधनमा यो सडक मार्ग भएर ओहोरदोहोर गर्ने मानिस यहाँको पसलमा चिया, खाजा खाएर कार्कीसँग कुराकानी गरेर मात्र गन्तव्यतर्फ लाग्ने गर्दछन् ।रासस

> "पाँच छोरीको विवाह गरेर आआफ्नो घर पठाइसके, दुई छोरामध्ये जेठोको पनि विवाह भइसक्यो, कान्छो काठमाडौँमा छ", कार्कीले भन्नुभयो ।

# जलपन्छीको प्रजाति र संख्यामा कमी

नवलपुर । यस वर्ष चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने नारायणी र राप्ती नदी आसपासका सिमसार क्षेत्रमा जलपन्छीको प्रजाति र संख्यामा कमी आएको छ।

सोमबारदेखि सुरु भएको जलपन्छी गणना अन्तर्गत चरा गणनामा संलग्न निकुञ्जका मध्यक्षेत्र संयोजक एवं चराविज्ञ मनेष लिम्बूले विगतमाझैं चराको प्रजाति र संख्या नभेटिएको बताउनुभयो। "अघिल्लो वर्ष जलपन्छी गणनामा ४७ प्रजातिका चरा भेटिएका थिए", उहाँले भन्नुभयो, "यस वर्ष २८ प्रजातिको मात्र चरा भेटिए।" साना चराको संख्यासमेत थोरै भेटिएको उहाँको भनाइ छ।

विगतमा गणना गरिएको जुरे हुटिट्याउँ, चित्र दङ्गालगायत जलपन्छी यसपटक नभेटिएको उहाँले जानकारी दिनुभयो। "चखेवा र खोया हाँसको संख्या भने विगतमाझैं भेटिएको छ", उहाँले भन्नुभयो। नदीमा बढेको प्रदूषणका कारण यस क्षेत्रमा जलपन्छी न्यून आएको हुनसक्ने उहाँले बताउनुभयो।

गणनाको केही दिन अगाडि निकुञ्ज क्षेत्रमा पहिलोपटक 'कालो टाउके लेक चरी' भेटिएको थियो। "यसअघि यो चरा हामीले निकुञ्ज क्षेत्रमा कहिल्यै भेटेका थिएनौँ", लिम्बूले भन्नुभयो, "दुई हप्ता अगाडि भेटिएको यो चरा चितवनका लागि नयाँ प्रजाति हो।" हाल उत्तरी ध्रुव, रुस, चीन, मङ्गोलियालगायत अत्यधिक चिसो क्षेत्रबाट जाडो छल्न र खानेकुराको खोजीमा विभिन्न ताल, तलैया, नदी र जङ्गलमा चरा आउने उहाँले बताउनुभयो।

निकुञ्जको पश्चिमी क्षेत्र र नवलपुरका तालतलैयामा भने पुस २७ गतेमात्र जलपन्छी गणना गर्ने तयारी गरिएको संयोजक डिबी चौधरीले बताउनुभयो। विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा देशभरका ताल, तलैया, नदी र सिमसारमा पाइने जलपन्छीको संख्या, प्रजाति र बासस्थानको अवस्थाबारे जानकारी लिन यस वर्षको गणना यही पुस २० गतेबाट माघ ६ गतेसम्म सञ्चालन हुने चौधरीले बताउनुभयो। "चरा गणना स्वयंसेवी रूपमा गरिने भएकाले सबैलाई पायक पर्ने समय मिलाएर आगामी शनिबार र आइतबार गणना गर्ने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "जलपन्छी गणनामा सहभागी हुने गणक होटल व्यवसायी, नेचरगाइड हुने भएकाले अन्य ठाउँमा भन्दा केही दिन पछाडि गणना गर्न लागिएको हो।"

यस क्षेत्रमा पाँच समूह बनाएर दुई दिनसम्म चरा गणना गर्ने योजना बनाइएको छ। जलपन्छी गणनाका क्रममा पानीमा आश्रित तथा पानी वरिपर बस्ने परम्परागत र बसाइँसराइ गर्ने चराहरूको तथ्याङ्क सङ्कलन गरिने जनाइएको छ। चराको प्रारम्भिक तथ्याङ्क गणना सकिएलगत्तै गरिने भए प्नि विस्तृत प्रतिवेदन आगामी वैशाख १ देखि ७ गतेसम्म मनाइने वन्यजन्तु सप्ताहका अवसरमा सार्वजनिक गरिने संयोजक चौधरीले बताउनुभयो ।रासस

# यस्तो छ तरकारी र फलफूलको मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले मंगलबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । मंगलबार गोलभेडा ठूलो (भारतीय) प्रतिकेजी रु ८०, गोलभेडा सानो (लोकल) प्रतिकेजी रु ३०, गोलभेडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभेडा सानो (तराई) प्रतिकेजी रु ४०, आलु रातो प्रतिकेजी रु ४८, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु १०५, गाजर (तराई) प्रतिकेजी रु ९०, बन्दा (लोकल) प्रतिकेजी रु २५, बन्दा (तराई) प्रतिकेजी रु २५, बन्दा (नरिवल) प्रतिकेजी रु ३०, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३०, काउली तराई प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ३५, मूला सेतो (लोकल) प्रतिकेजी रु ३०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३५, भन्टा लाम्चो प्रतिकेजी रु ५०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ६०, मटरकोसा प्रतिकेजी रु ८०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ५०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ९०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ४०, स्कूस प्रतिकेजी रु ३५, रायो साग प्रतिकेजी रु २५, पालुङ्गो साग प्रतिकेजी ८०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ८०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु ९०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु २८० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ५०, चुकुन्दर प्रतिकेजी रु १००, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ९०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १४०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १५०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ७०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १३०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु १८०, हरियो धनिया प्रतिकेजी रु ६०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस


## Madhesh Province Government
## Ministry of Industry, Commerce and Tourism
## Janakpurdham, Nepal

### Invitation for Expression of Interest(EOI)

First publication date: 2081/09/24

Ministry of Industry, Commerce and Tourism Invites Expression of interest (EOI) from eligible National Consulting firms to provide consulting services for **"Preperation of overall Tourism Development Master Plan of Madhesh Province"** EOI reference: MOICT/TDMP/EOI/01-2081-082. Interested eligible consultant may obtain further information through e-GP system www.bolpatra.gov.np/egp.



## Invitation for Bids
## Sonma Rural Municipality
### Office of Rural Municipal Executive
### Sonma, Mohattari

### Invitations of bids for the Construction of Cold Store

**IFB No: SRM/NCB/WORKS/02/2081-82**

**Date of Publication: 8 January 2025**

1. Sonma Rural Municipality, Sonma, Mohattari invites National Competitive Bids (1S1E) from Nepalese eligible bidders for the following Works.

| S. No. | Description of Works/Contract ID | Bid Fee (NPR) | Bid Security (NPR) | Estimated Amount ( without VAT and) NPR | Last Date for Bid Purchase |
|---|---|---|---|---|---|
| 1. | The Construction of cold store, Sonma Rural Municipality-4, Khakhana, Mahottari | 3000/- | 400000/- | 15422458.03 | 2025/02/07 12:00 Noon |

2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of Bank:** NMB Bank Ltd, Sonma, Mohattari.
   **Office Code No.:** 801021815
   **Office Account No.:** 1160073372500029
   **Rajaswa (Revenue) Shirshak No.:**14229
4. Pre-bid meeting shall be held at Office of Sonma Rural Municipality, on 27th, January, 2025 at 01:00 PM.
5. Bid must be submitted before 12 PM on 7th, February 2025
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 7th, February 2025 at the office of Sonma Rural Municipality, Sonma, Mohattari . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 400,000 /- which shall be valid for 30 days beyond the validity period of the bid . If the Bidder wishes to submit the Bid Security in the form of cash,
   **Name of bank:** NMB Bank Ltd, Sonma, Mohattari
   **Name of Office:** Sonma Rural Municipality
   **Account No:** 1160073372500041
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all of the bids without assigning any reason, whatsoever.

**Section Officer**

# संविधान संशोधनका लागि मोर्चाबन्दी



**टुडे समाचारदाता**

जनकपुरधाम । कांग्रेस-एमाले नेतृत्वको सरकारले संविधान संशोधनको गृहकार्य थालेपछि मधेशकेन्द्रित दलहरू मोर्चाबन्दीको कसरतमा जुटेका छन् । मधेश आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा र आफ्नो अस्तित्व जोगाउन मधेशकेन्द्रित दलहरू फेरि एक ठाउँमा उभिने प्रयास गरिरहेका छन् ।

यसक्रममा सरकार संविधान संशोधनको गृहकार्यमा जुटेपछि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालदेखि डा. सीके राउतको जनमत पार्टीसम्मका दलहरूले समिति बनाएका छन् । जसपाले वरिष्ठ उपाध्यक्ष राजकिशोर यादवको संयोजकत्वमा चार सदस्यीय वार्ता समिति बनाएको छ । सत्ता गठबन्धनमा सहभागी लोसपा नेपालले नेता जितेन्द्र सोनलको नेतृत्वमा पाँच सदस्यीय समिति बनाएको छ । लोसपाले विचार मिल्ने पार्टीसँग सहकार्य र पार्टी एकताका लागि वार्ता समिति बनाएको छ ।

मधेश प्रदेश सरकारको नेतृत्व सम्हालिरहेको जनमत पार्टीले पनि मधेशकेन्द्रित दलहरूसँग सहकार्य र एकताका लागि उपाध्यक्ष तथा पूर्वमन्त्री अब्दुल खानको संयोजकत्वमा दुई सदस्यीय कार्यदल बनाएको छ । यस्तै, तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले पनि वरिष्ठ नेता डा. विजय सिंहको संयोजकत्वमा अन्तरपार्टी संवाद समिति गठन गरेको छ ।

यसअघि तमलोपाले मधेसी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल सद्भावना पार्टी, जनअधिकार पार्टी र एकीकृत समाजवादी पार्टीसँग मिलेर संयुक्त मधेश संघर्ष समिति गठन गरेको थियो । संघर्ष समितिले संविधान संशोधनका नाममा कांग्रेस-एमालेले समानुपातिक प्रतिनिधित्व हटाउने, थ्रेस होल्ड बढाउने, राष्ट्रियसभाको स्वरुप बदल्ने षड्यन्त्र गरिरहेको आरोप लगाउँदै खबरदारी सभासमेत मधेशका जिल्लामा गरेको थियो ।

अशोक राई नेतृत्वको जसपा, रन्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी र पूर्वमन्त्री हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीले एक-अर्कासँग सहकार्य र एकताका लागि वार्ता समिति गठन गरेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले संविधान संशोधनको विषय अघि बढाउने तयारी थालेपछि मधेशकेन्द्रित दलहरू एक ठाउँमा उभिने गृहकार्य गरिरहेका छन् ।

> ‘ठूला दलहरूले हामीलाई आसपमा लडाउने, सत्ता स्वार्थ देखाएर विभाजन गराउने खेल खेले,” उनले भने, “त्यसैले हामी कमजोर हुँदै गयौं । तर, अहिले हामी आफैं एकै ठाउँमा भएनौं भने मधेश आन्दोलनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्न कठिनाइ हुन्छ । त्यसैले तत्काल पार्टी एकता भन्दा सहकार्य गरेर अघि बढ्नुको विकल्प छैन ।”

कांग्रेस-एमाले मिलेर संविधान संशोधनका नाममा आफूहरूलाई कमजोर बनाउने षडयन्त्र गरिरहेको मधेशकेन्द्रित दलहरूको आरोप छ । मुलुकको वर्तमान राजनीतिक अवस्था देखर मधेशकेन्द्रित दलहरूबीच तत्काल सहकार्य र कार्यगत एकता आवश्यक देखिएको जसपा नेपालका प्रवक्ता मनिष सुमनले बताए । कांग्रेस, एमाले र माओवादी केन्द्रले सत्तामा पुग्न तथा आफ्ना फाइदाका लागि अलग- अलग समयमा मधेशकेन्द्रित दललाई प्रलोभनमा पारेर विभाजन गराउने गरेको प्रवक्ता सुमनले आरोप लगाए ।

‘ठूला दलहरूले हामीलाई आसपमा लडाउने, सत्ता स्वार्थ देखाएर विभाजन गराउने खेल खेले,’ उनले भने, ‘त्यसैले हामी कमजोर हुँदै गयौं । तर, अहिले हामी आफैं एकै ठाउँमा भएनौं भने मधेश आन्दोलनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्न कठिनाइ हुन्छ । त्यसैले तत्काल पार्टी एकता भन्दा सहकार्य गरेर अघि बढ्नुको विकल्प छैन ।’ मधेशवादी दलहरूबीच कार्यगत एकता गरेर संविधान संशोधनका विषयमा संसददेखि सडकसम्म एक ठाउँमा हुनुपर्ने उनको भनाइ छ । एक दलले अर्को मधेशकेन्द्रित दलका विषयमा अनावश्यक टिप्पणी नगर्ने, दलहरूबीच बढेको दूरीलाई घटाउँदै लग्ने विषयमा मधेशकेन्द्रित दलहरूबीच सहकार्य, संवाद र कार्यगत एकताका लागि आफूहरूले पहल गरिरहेको उनले जानकारी दिए ।

लोसपाका नेता जितेन्द्र सोनल संविधान संशोधन र विगतका आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका लागि विचार मिल्ने पार्टीसँग सहकार्य र कार्यगत एकताका लागि औपचारिक रूपमा तत्काल वार्ता सुरु गरिने बताए ।

# गुरुघंटालको सौरभ र मनोलीला





डा. अखिलेश झा एक अभियन्ता , सुचिन्तक , अध्येताका रुपमा सुपरिचित एवम् साहित्यको व्यंग्य विधााभित्र झुल्की संयमित स्वरमा सुसेल्ने युगजन्मा स्रष्टा हुन् । उनको सिर्जन सौरभ र मनोलीला अनुगम्य छ। नैसर्गिक सिर्जना र हार्दिकताबाट सुसम्पन्न डा. झाको गुरुघंटाल नामक व्यंग्य श्रृंखला संचेतनाको बीउ उमाल्न सहायक बनेको देखिन्छ। कृतिमा समाज चित्रण तथा भूतकालीन आदर्श र वतमानको यथार्थ , भाषा , सभ्यता , राजनीतिक मनोग्रन्थि र बेथितिमाथि अधोर व्यंग्य छ । सामाजिक असमानता र मैथिली भाषाप्रतिको उपेक्षाबाट क्षुब्ध सर्जक झाले विकृति , विसंगति , हीन मनोवृत्ति भएकाहरुको कुनाकाप्चा चहार्दे ,भावगत तत्वलाई छामेर प्रकट गरेका छन् । निजत्वलाई स्वीकार नगरी द्वेध एवं मातृभाषा मैथिलीप्रति ह्रदयहीन हुनेलाई लक्षित गर्दै उनी यसरी व्यंग्य गर्छन - आफ्नो भाषाको प्रसंगलाई अतिवादी ठान्छन्, अर्काको भाषाप्रति नतमस्तक हुँदै वीरता र बुद्धिमत्ताको प्रतीक ठान्छन् ।

भाषा मानव जीवनका लागि अत्यन्तै महत्वपूर्ण उपहार हो । सम्पूर्ण जीवमध्ये यो मानवमात्रको एक विशिष्ट प्राप्तिका साथै सम्पदा पनि हो । भाषाशास्त्रीहरुका अनुसार कुनै पनि व्यक्तिले बोल्ने भाषा र अवलम्वन गर्ने संस्कृतिसंग उसको पहिचानलाई तादात्म राख्दछ । व्यक्तिको भाषाले समाजिक एवं सांस्कृतिक पहिचानलाई परिभाषित गर्ने भएकाले भाषालाई पनि एक ध्वनि वा संकेतद्वारा व्यक्त गरिने संस्कृतिकै रुपमा लिने गरिन्छ । गुरुघंटाल व्यंग्य श्रृंखलामा चेला , गुरु, सुधीर,बलराम, मुखियाजी ,रामेश्वरजी , सोहनजी , कमला , रधिया मायमार्फत मैथिली भाषा , संस्कृति, सभ्यताप्रति राजनीतिकमीर्को सरकारी दृष्टिकोण , आन्दोलन ,अल्छीपन , मपाइ्र, अहंकार ,षडयन्त्र ,लडाई, रिस ,रागलाई“मिथिलाके लेल मैथिल घातक , अन्तरात्माके पहिने मुडी मचोडि दे नहि त कहियो आगू नहि बढबिही , नोक्सान बाहर बला सँ बेसी भीतर प्रभावी होइत छैक ” जस्ता शब्दले संघात गरिएको छ ।

मैथिल,मैथिली भाषीको अधिकार ,जागरणको प्रसंगलाई जातीयताको रुप दिइ विखण्डन , मनोमालिन्य एवं स्रष्टाप्रतिको बक्र चिन्तनलाई व्यंग्य वाण गर्दै गुरुघंटाल श्रृंखलामा भाषा र क्षेत्रको अधिकारको प्रसंग बारे सर्जक डा. झा यस किसिमको संवाद गर्छन - भाषा र क्षेत्रलाई अीधकार चाहियो भने मैथिलीमा लेखन गर , साहित्यकार , गजलकार ...... आदिका रुपमा परिचय हुन थालेमा अवसर पाउँदै पिठयुँमा छुरी प्रहार गरिदिनु पर्छ । मातृभाषाको मूल्य मानवीय संवेदनासँग जोडिएको हुन्छ । यदि कसैले कसैको भावना या संवेदनालाई उसको मातृभाषाको अपमान गरेर गर्छ भने त्यसको प्रभाव व्यक्ति , परिवार र समाजमा नराम्रो पर्छ । यसबाट गोसामाजिक सन्तुलन , सामञ्जस्य र सामाजिक समरसता बिग्रने सम्भावना हुन्छ । मातृभाषाबाटै संस्कृतिको निर्माण हुने भएका कारण मातृभाषालाई संस्कृतिको गिदी मानिएको छ ।

मान्छे अन्याय, अकर्मण्यता , मुर्दा शून्यता , समयको विद्रुपताप्रति असहमत हुँदै विद्रोह गर्ने जात हो । त्यसैले स्वभाविक रुपमा जिन्दावाद मुर्दावादका नाराहरु घन्किन्छन् । न्याय र अन्याय , सत्य र असत्य बीचका युद्धहरुमा पनि यही दृश्य देखिन्छ । आत्मपराजितहरु, सत्ता र शक्तिका पछि लागेका आजका स्वार्थी , निच, पातकी तर शक्तिका आसनमा रहेकाहरुले मैथिलीमा अध्ययन गर्नेहरुप्रति राख्ने दुराग्रहको विरुद्ध चेला , रधिया माय ,कमला जस्ता पात्रको भनाइ “ हमर मातृभाषा मैथिली अछि , किनको कहलासँ अपन माय नहि छोडि सकैत छियै , तहिना अपन मातृभाषाओ नहि ” ले भाषिक संचेतनालाई सर्जक डा. झाले केन्द्रबिन्दु बनाउनुका साथै भीआइपी र एलआइपी आउरेबाउरे धुपौरे मनोविज्ञानको चिरफार गरेका छन् । पच्चीस वटा आख्यानमा मिथिला , मैथिलीप्रति समस्या उजागर गरी सर्जकको भाषिक अधिकार , भविष्य , रोजगार , सभ्यता , संस्कृतिको मोह , चिन्ता , संवेग चमत्कृत प्रवाह र मूर्त प्रतिभा अभूतपूर्व अनुभूति हुन्छ ।

संसार विचित्र छ त्यसैले शेक्सपियरले यसलाई नाट्यशाला भनेको हुनुपर्छ । यहाँ बुद्ध र ईसा मात्र जन्मेनन् । मार्क्स र गान्धी मात्र छैनन् गान्धीका हत्यारा नाथुराम गोत्से पनि जन्मे । बहुला विचार र परपीडक सोचहरु कहिल्यै स्थायी हुँदैनन् । प्रजातन्त्र सबैभन्दा उत्तम व्यवस्था भए पनि यसको दुरुपयोग गर्नेको संख्या पनि चुनौतीको विषय बनेको छ , एउटा मजदुर र सर्वसाधारणलाई पुलिस स्टेशनमा , अस्पतालमा , अदालतमा पाउने मान र नेता , अधिकारी , पैसाबलाले पाउने मानको ह्रदय मनलाई स्पर्श गरेको छ । मैथिलको समस्याको निवारण मैथिलबाटै संभव छ , समस्याप्रति गम्भीर भएमा निवारण टाढा छैन आशावादी , जीवनवादी स्वर कृतिमा उल्लेखनीय छ ।यसलाई टेवा पुर्‍याउन रामेश्वरजी मार्फत सर्जक डा. झाले यसरी उद् बोधन गरेका छन - हीन भावनामाथि विजय गर्नुछ , नकारात्मक तत्वलाई त्याग गर्नुपर्छ , अब मिथिलालाई स्मार्ट सिटी भन्दा पनि महत्वपूर्ण स्मार्ट गाउँको खाँचो छ , मैथिलको हरेक जाति , धर्ममा प्रतिभा छन् मात्र प्रोत्साहन चाहिएको छ ।




# भूकम्पमा १३ जना घाइते, २ पूर्ण, १ आंशिक र ११ घरमा सामान्य क्षति

**टुडे समाचारदाता**

काठमाण्डु । चीनको स्वशासित क्षेत्र तिब्बतमा मंगलबार बिहान गएको ७ रेक्टर स्केलको भूकम्पका कारण अहिलेसम्म नेपालमा १३ जना घाइते भएका छन्।




नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले अहिलेसम्म १३ जना घाइते भएका र २ घर पूर्ण, १ आंशिक र ११ घरमा सामान्य क्षति भएको जानकारी दिए । प्रहरीले भूकम्पका कारण काठमाडौंमा १, बारामा ११ र काभ्रेमा १ जना घाइते भएका जानकारी दिए ।

उनका अनुसार विवरण भने आउने क्रम जारी नै छ । यता ओखल्दुङ्गामा १ घर पूर्ण र २ घरमा सामान्य तथा संखुवासभामा १ घरमा सामान्य क्षति भएको छ ।

यस्तै सोलुखुम्बुमा १ पूर्ण र एक आंशिक तथा ३ घरमा सामान्य क्षति भएको छ । ताप्लेजुङमा ३, सिन्धुपाल्चोक र रामेछापमा १/१ घरमा सामान्य क्षति भएको प्रहरीले जानकारी दिएको छ ।

# साहको नेतृत्वमा प्रजातन्त्र सेनानी संघको प्रदेश कार्यसमिति गठन




**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल प्रजातन्त्र सेनानी संघ मधेश प्रदेशको अध्यक्षमा वरिष्ठ पत्रकार एवम् स्वतन्त्रता सेनानी रामभरत साह दोस्रो पटक निर्वाचित भएका छन् ।

संघको सम्पन्न प्रथम प्रदेश अधिवेशनबाट साहलाई अध्यक्षमा सर्वसम्मत चयन गरिएको छ । संघको उपाध्यक्षमा ध्रुव प्रसाद साह र महेन्द्र साहलाई चयन गरिएको छ भने महामन्त्रीमा अरुण कुमार झा र प्रेम साह कानु, सह-महामन्त्रीमा विजय कुमार उपाध्याय, कोषाध्यक्षमा मनोज कुमार साह र प्रवक्तामा भागवत साह मनोनित भएका छन् ।

सदस्यहरुमा कमला सहगल, हरेन्द्र सिंह, विपिन मिश्र, नारायण अधिकारी, हरि नारायण चौधरी, कन्हैया भट्टराई, मो. कमरुद्दिन शेख, विनोद कुमार यादव, परमेश्वर साह, घनश्याम ढुङ्गेल, यमुना साह कानु, सितल प्रसाद यादव, हरेन्द्र सिंह, कृष्ण प्रसाद वाग्ले, व्रजेश कुमार यादव, दिव्य राज सुवेदी र वासुदेव यादवलाई सर्वसम्मत चयन गरिएको छ ।

# दौडधुपपछि ६६ वर्षमा नागरिकता

**टुडे समाचारदाता**

सिरहा । सिराहाको गोलबजार नगरपालिका-२, लालपुरकी ६६ वर्षीया रेवियादेवी सदा नागरिकताको लागि वडा कार्यालय र जिल्ला प्रशासन कार्यालय महिनौ दौडधुप गरिन् । तीन महिनाको दौडधुपपछि नागरिकता पाएकी छन् । नागरिकता पाएसँगै वृद्धभत्ता पाउने बाटो खुलेको छ ।

‘बुढ्यौलीमा नागरिकता पाए पनि कम्तीमा वृद्धभत्ता खाने बाटो खुलेकोमा खुसी छु । श्रीमानको मृत्यु वर्षौं पहिला भइसक्यो । नागरिकताको सिफारिस लिन वडा र जिल्ला प्रशासन कार्यालय एक्लै धाउँदा धाउँदा गलिसकेकी थिएँ,’ उनले भनिन्, ‘कहिले यो मिलेन, कहिले त्यो मिलेन भन्दाभन्दै तीन महिना लाग्यो ।’



नागरिकता लिएर अब वृद्धभत्ताका लागि वडा कार्यालयमा आवेदन दिने उनले बताइन् । आफूले नागरिकता पाएपछि नातिनातिना भइसकेको कान्छो छोराको पनि नागरिकता बनाउन जाने योजना उनले बताइन् । नागरिकताका लागि वडा कार्यालयसहित जिल्ला प्रशासन कार्यालय ओहोरदोहर गर्न स्थानीय दलित महिला केन्द्र नेपालले खर्च व्यवस्थापन गरिदिएको उनले बताइन् । ‘मजदुरी गरेर पेट पाल्नुपर्ने हामीजस्ताले निःशुल्क पाइने नागरिकता बनाउन जिल्ला प्रशासन ओहोरदोहोर गर्न बसभाडाको पनि समस्या झेल्नुपर्छ,’ उनले भनिन्, ‘संस्थाले त्यति सहयोग गरिदिँदा पनि धेरै राहत भयो ।’

> “मजदुरी गरेर पेट पाल्नुपर्ने हामीजस्ताले नि:शुल्क पाइने नागरिकता बनाउन जिल्ला प्रशासन ओहोरदोहोर गर्न बसभाडाको पनि समस्या झेल्नुपर्छ,” उनले भनिन्, “संस्थाले त्यति सहयोग गरिदिँदा पनि धेरै राहत भयो ।”

गोलबजार नगरनमुख श्यामकुमार श्रेष्ठले नगर क्षेत्रमा आर्थिक रूपले विपन्न रहेका दलितहरूको नागरिकता बनाउन आर्थिकसहित कागजी प्रमाण जुटाउन समस्या रहेको बताए । ‘नागरिकता बनाउन आवश्यक कागजात जुटाएका व्यक्तिहरूलाई पनि जिल्ला प्रशासन कार्यालयसम्म पुग्न आर्थिक समस्या छ,’ उनले भने, ‘त्यस्ता व्यक्तिको हकमा नगरपालिकाले कम्तीमा बसभाडा र खाजाको लागि सघाउँछौं।’

नगर क्षेत्रमा अहिले पनि करिब तीन सयजनाको तीनपुस्ते प्रमाण नपुगेर नागरिकता बन्न नसकेको उनले बताए। उनले भने, ‘वर्षौंदेखि नगरको विभिन्न ठाउँमा बसोबास गर्दै आएका, तर प्रमाण नभएका व्यक्तिका लागि स्थानीय समाज, जनप्रतिनिधिहरूले प्रक्रिया पुर्‍याई सनाखत बसेर भए पनि नागरिकता बनाइदिन सघाउनुपर्छ।’

व्यक्ति व्यक्तिलाई नागरिकता बनाउन ल्याउन लैजानुभन्दा जिल्ला प्रशासनसँग समन्वय गरी स्थानीयस्तरमा कागजात संकलन गरी नागरिकता बनाउन पहल गरिनुपर्नेमा जोड दिँदै उनले त्यसका लागि पनि नगरपालिकाले प्रयास गरिरहेको जानकारी दिए।

# सहकारी ठगीका आरोपी तातेड रिहा

**टुडे समाचारदाता**



राजविराज । सहकारी ठगी तथा आपराधिक विश्वासघात मुद्दामा पक्राउ परी विगत ६ महिनादेखि पुर्पक्षका लागि राजविराज कारागारमा बन्दी जीवन बिताइरहेका राजविराज नगरपालिकाका वडा नं. ३ का वडा सदस्य सिद्धार्थ तातेड रिहा भएका छन् ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश तिलक बहादुर कार्कीको रोहबरमा पीडित पक्ष भनिएकाहरुले मुद्दा फिर्ता तथा मिलापत्र प्रमाणित (प्रमाणीकरण) भएपछि तातेड मंगलबार जेलमुक्त भएका हुन् ।

मध्यस्थकर्ताको भूमिका निर्वाह गरेका कानुन व्यवसायी अशोक चौधरी, डाक्नेश्वरी नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष कर्णदेव चौधरी तथा उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालुप्रसाद अग्रवालको उपस्थितिमा दुबै पक्ष मुद्दा मिलापत्र गरेपछि न्यायाधीश कार्कीको रोहबरमा मिलापत्र प्रमाणित भएसँगै तातेडको रिहाईको बाटो खुलेको थियो ।

यहाँ स्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाका सचिव समेत रहेका तातेडले बचतकर्ताको रकम हिनामिना गरेको आरोपमा प्रहरीले गत साउन ३ गते उनलाई पक्राउ गरेको थियो ।

सो संस्थामा जम्मा गरेको बचतकर्ताको डेढ करोड भन्दा बढी रकम हिनामिना गरेको आरोपसहित अध्यक्ष बेचन यादव र सचिव तातेडसहित १२ जनालाई प्रतिवादी बनाई प्रहरीले सप्तरी जिल्ला अदालतमा आरोपपत्र दायर गरेको थियो ।

४९ जना बचतकर्ताको संयुक्त जाहेरीले बादी नेपाल सरकार भई उठान भएको मुद्दामा त्यति बेला प्रहरी तातेडलाई मात्र पक्राउ गर्न सफल भएको थियो । अन्य आरोपित फरार रहेको प्रहरीले जनाउँदै आएको थियो ।

उक्त मुद्दा उपर २०८१ साउन १७ गते सुनुवाई गर्दै न्यायाधीश संजीव पोखरेलले तातेडलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश जारी गरेको थियो । तातेड पक्राउ परेपछि परिवारजनले उनी सहकारी रकम हिनामिनामा संलग्न नरहेको दाबी गर्दै आएका थिए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८